म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक ३१२ आइतबार १० असार २०८० ने. सं. ११४३ दिल्लाथ्व 25 June 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**भू-क्षय न्यूनीकरणका उपाय अपनाऔं**

☞ गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं।
☞ घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं।
☞ नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।
☞ भूकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।
☞ भौगोलिक अवस्था विचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं ।
भू-क्षयबाट बचौ र बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

मकवानपुरमा बजेटको चटारो

## आज तीन पालिकाले बजेट, चार पालिकाले नीति कार्यक्रम ल्याउँदै, बागमती छलफलमै

प्रतिक्षा न्यौपाने

हेटौंडा, ९ असार/ मकवानपुरका स्थानीय तह बजेटको चटारोमा छन् । आगामी आर्थिक वर्ष २०८०/८१ का लागि जिल्लाका हेटौंडा उपमहानगर पालिकाले २ असारमै र राक्सिराङ गाउँपालिकाले शनिवार बजेट ल्याइसकेका छन् ।

बाँकी ८ स्थानीय तह नीति तथा कार्यक्रम र बजेट ल्याउने तरखरमा छन् । संविधानत: १० असारसम्म स्थानीय तहले नीति तथा कार्यक्रम ल्याइसक्नु पर्ने र ३० असारभित्र बजेट प्रस्तुत गरेर पास गरिसक्नुपर्ने व्यवस्था छ । जसअनुसार मकवानपुरमा आज १० असार आइतबार चार पालिकाले नीति तथा कार्यक्रम मात्रै र तीन पालिकाले नीति, कार्यक्रमसँगै बजेट नै ल्याउँदैछन् । गत बिहीवार नीति, कार्यक्रमसँगै आर्थिक र विनियोजन विधेयक पारित गरेको कैलाश गाउँपालिकाले आज बजेट ल्याउन लागेको छ ।



नीति कार्यक्रम र बजेट आज एकै पटक ल्याउनेमा थाहा नगरपालिका र भीमफेदी गाउँपालिका रहेको छ । बाँकी मकवानपुरगढी, इन्द्रसरोबर, मनहरी र बकैया गाउँपालिकाले आज आइतबार नीति तथा कार्यक्रम मात्रै ल्याउँदै छन् । जिल्लाको पश्चिमी क्षेत्रस्थित बागमती गाउँपालिकाले भने नीति तथा कार्यक्रमसमेत नल्याउने भएको छ । नीति, कार्यक्रम र बजेटका सम्बन्धमा छलफल नै जारी रहेकाले आज आइतबार कार्यक्रम नरहेको गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत झम्कनारायण घलानले जानकारी दिए । ३ नम्बर वडाअध्यक्ष कमानसिं पाख्रिनले पनि छलफलमै रहेकाले नीति, कार्यक्रम र बजेट आउन ढिलाई हुने बताए ।

थाहा नगरपालिका, कैलाश र भीमफेदीको बजेट घटेर आउने जनाइएको छ । संघीय सरकार र प्रदेश सरकारको अनुदान बजेट पनि घटेर आएको र आन्तरिक स्रोत खुम्चिएका कारण गाउँपालिकाको बजेट घट्ने सम्बन्धित स्थानीय तहका जनप्रतिनिधिले जानकारी दिएका छन् । थाहाका नगरप्रमुख विष्णुबहादुर विष्टले कृषि, शिक्षा र पूर्वाधारलाई प्राथमिकता दिएर नीति, कार्यक्रमसँगै बजेट पनि ल्याउन लागेको बताए । उनका अनुसार थाहाको बजेट ९६ करोड मात्रै हुनेछ । भीमफेदीका अध्यक्ष हिदम लामाले बजेट घटाएर ल्याउन लागेको जानकारी दिए । उनले कृषि, पूर्वाधार, शिक्षा र पर्यटनमा प्राथमिकता दिने बताए ।

कैलाश गाउँपालिका अध्यक्ष लोक मोक्तानले पनि पूर्वाधार, कृषि, शिक्षामा प्राथमिकता दिएर बजेट बिनियोजन गरिने बताए । कैलाश गाउँपालिका जिल्लाकै विकट स्थानीय तह पनि हो । गाउँपालिकाले गाउँबासीको आधारभूत आवश्यकताका विषयलाई बढी जोड दिने अध्यक्ष मोक्तान बताउँछन् ।

मकवानपुरगढी गाउँपालिकाको अध्यक्ष दोर्जे लामा स्याङ्तानले आइतबार नीति कार्यक्रम मात्रै ल्याउने र कृषि, शिक्षा, पूर्वाधार, स्वास्थ्य र पर्यटनलाई प्राथमिकता दिइएको जानकारी दिए । मकवानपुरगढीले २५ असारमा बजेट प्रस्तुत गर्ने भएको छ । इन्द्रसरोबर गाउँपालिका अध्यक्ष देवकृष्ण पुडासैनीले २३ असारमा बजेट प्रस्तुत गर्ने र आज नीति, कार्यक्रम मात्रै ल्याउन लागेको बताए । उनका अनुसार इन्द्रसरोबरको बजेट पनि घटेर ल्याउने र प्राथमिकतामा कृषि, पूर्वाधार, शिक्षा र स्वास्थ्य रहेको छ । बकैया गाउँपालिका अध्यक्ष धर्मराज लामिछानेले कृषि क्षेत्र र पूर्वाधारलाई प्राथमिकता दिएर नीति, कार्यक्रम ल्याउन लागेको बताए ।

मनहरी गाउँपालिका अध्यक्ष रञ्जन कालाखेतीले आज नीति, कार्यक्रम मात्रै ल्याउन लागेको जानकारी दिए । २५ असारभित्र बजेट प्रस्तुत गरिसक्ने बताउँदै कालाखेतीले प्राथमिकतामा कृषि, शिक्षा, स्वास्थ्य र पूर्वाधार रहेको बताएका छन् । स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम स्थानीय तहले असार १० भित्र आगामी आवको नीति तथा कार्यक्रम र बजेट गाउँ/नगरसभामा पेस गर्नुपर्छ । बजेटमा गत आवको राजस्व र व्ययको यथार्थ विवरण, चालु आवको अन्तिमसम्ममा हुने आम्दानी र खर्चको संशोधित अनुमान तथा आगामी आवको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण समावेश गर्नुपर्छ ।

स्थानीय तहले आन्तरिक राजस्व र आयबाट प्राप्त रकम, राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम, नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त हुने अनुदान लगायतका आधारमा वार्षिक बजेट निर्माण गर्नुपर्दछ । योजना निर्माणका विभिन्न तह पार गरी नीति तथा कार्यक्रम र बजेट ल्याउने अन्तिम तयारीमा जुटेका स्थानीय तहको बजेट केही कटौती हुने भएको हो । संघ र प्रदेशबाट प्राप्त हुने अनुदान खुम्चिएको र आन्तरिक आम्दानीको स्रोत परिचालन कमजोर बनेपछि संघ र प्रदेश सरकारको जस्तै यहाँका सबै जसो स्थानीय तहको बजेटको आकार घट्ने निश्चित भएको छ । स्थानीय तहको आगामी आवको बजेट चालु आवको तुलनामा १० प्रतिशतको हाराहारीमा बजेटको आकार घट्ने आंकलन स्थानीय तहका पदाधिकारीहरुको छ ।

हेटौंडा उपमहानगर पालिकाले संघ र प्रदेशबाट आउने अनुदानसँगै आन्तरिक स्रोत घटेको भन्दै चालु आवको तुलनामा घटाएर आगामी आवको बजेट ल्याएको थियो । आगामी आवका लागि हेटौंडा उपमहानगर पालिकाले दुई अर्ब ६० करोड ६५ लाख ४० हजार रुपैयाँको बजेट ल्याएको थियो । यो चालु आवको बजेटको तुलनामा हेटौंडा उपमहानगरको बजेट ११ करोड रुपैयाँले कम हो ।

स्थानीय तहको आगामी आवको नीति तथा कार्यक्रम र बजेटका प्राथमिकता विगत वर्षमा झैं मूलत: कृषि, पूर्वाधार, शिक्षा, स्वास्थ्य र पर्यटन नै पर्ने भएको छ । राक्सिराङ गाउँपालिकाले पनि शनिवार ९ असारमा करिब १० करोड बजेट कटौती गर्दै ५७ करोड ८८ लाख ९७ हजार १ सय ९७ रुपैयाँको आयव्यय सार्वजनिक गरेको छ । शनिबार भएको गाउँसभाको १४ औं अधिवेशनमा गाउँपालिका उपाध्यक्ष बनस्तम थिङले आगामी वर्षको आम्दानी र खर्चको अनुमान गाउँसभामा पेश गरेका हुन् ।

## सरिखेतको अशोकबाटिकामा राख्न सीता र त्रिजटाको मूर्ति तयारी

साझाकुरा संवाददाता

हेटौंडा, ९ असार/ आगामी असार १८ गते गुरु पूर्णिमाको अबसर पारेर राक्सिराङ गाउँपालिका वडा नं ३ पलाँसेमा रहेको सीता अशोक बाटिकामा भगवान सीता र त्रिजटाको मूर्ति प्राणप्रतिष्ठा हुने भएको छ ।

गुरु पूर्णिमाको दिन भब्य कार्यक्रम र धार्मिक समारोहबीच सीता र त्रिजटाको मूर्ति प्राणप्रतिष्ठा गर्ने तयारी गरिएको डिभिजन वन कार्यालय राप्ती मनहरीका प्रमुख बिष्णुप्रसाद आचार्यले जानकारी दिए । सीता अशोक बाटिकाको संरक्षण, सम्बर्द्धन गरी धार्मिक पर्यटनलाई टेवा दिनका निम्ति सीता अशोक बाटिकामा भगवान सीता र अपहरणकालमा राक्षस बर्गबाट उनलाई रेखदेख गर्न राखिएकी त्रिजटाको मूर्ति स्थापना गर्न खोजिएको आचार्यले बताए ।

हिन्दू धार्मिक ग्रन्थ अनुसार वनबास गएका रामकी पत्नी सीतालाई रावणले अपहरण गरेर लंका पुऱ्याएका थिए । अपहरित सीतालाई लंकाको अशोक बाटिकामा राखिँदा उनलाई सुरक्षा र रेखदेख गर्नका लागि रावण पक्षले त्रिजटा नामकी राक्षसी महिलालाई खटाएको थियो । तर, त्रिजटाले सीताको संरक्षण गर्दै सीतामा आत्मविश्वास भर्ने, राम र रावण पक्षको युद्धमा रामपक्षले जितिरहेको खबर दिने लगायतका सकारात्मक काम गर्ने गरेको धर्मग्रन्थमा उल्लेख छ । राक्षस बर्गकी भएपनि त्रिजटाले सकारात्मक व्यवहार गरेकाले सीताले पनि त्रिजटालाई 'माता' भनी सम्बोधन गरेको धर्मग्रन्थहरुमा उल्लेख छ ।

भगवान राम भएको स्थानमा सीता र हनुमान अनिबार्य जस्तै रहेपनि सीता अशोक बाटिकामा त्रिजटा र सीताको मूर्ति स्थापना गरिनुलाई अपहरणकालीन समयको सांकेतिक बोध गराउने माध्यम बनाइन खोजिएको डिभिजन वन कार्यालयका प्रमुख आचार्य बताए । 'हामीले नेपालमै पहिलोपटक सीता र त्रिजटाको मूर्ति स्थापना गरी प्राणप्रतिष्ठा गर्दैछौं', आचार्यले भने- 'सीताले समेत माता भनेर सम्बोधन गरिएकी त्रिजटा राक्षस बर्गकी भएपनि राक्षस पक्षमा भन्दा सत्यको पक्षमा उभिएकीले सीतासँगै राख्न खोजेका हौं ।' उनका अनुसार सीता र त्रिजटाको मूर्ति मनहरीमा धमाधम निर्माण भइरहेको छ ।

स्थानीय भ्याङकाली सामुदायिक वन उपभोक्ता समूहको अगुवाईमा मूर्ति स्थापना, निर्माण लगायतको काम भइरहेको छ । संघीय सरकारले बिनियोजन गरेको १० लाख बजेट कार्यान्वयन गरी सीता अशोक बाटिकामा मूर्ति प्राणप्रतिष्ठा गर्ने काम भइरहेको सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष केशव भारतीले बताए । असार १८ गते भब्य समारोह आयोजना गरी विधिपूर्वक पूजापाठ हुने र एक हजार दर्शक/भक्तजनको बीचमा प्राणप्रतिष्ठा कार्यक्रम गरी प्रचारात्मक काम गरिने उनले बताए ।

भारतीय हिन्दूवादी भक्तजनलाई राक्सिराङ गाउँपालिकासम्म आकर्षित गर्नका लागि सीता र त्रिजटाको मूर्ति तथा सीता अशोक बाटिकाले महत्वपूर्ण भूमिका खेल्ने अनुमान गरिएको छ । भ्याङकाली मन्दिर र भ्याङधाराको बीचमा रहेको सीता अशोक बाटिकामा भगवान सीता र त्रिजटाको मूर्ति बनाइसकेपछि दक्षिणतर्फ रहेको मनहरी र चुर्लिङ खोलाको दोभानस्थित पचभैया डाँडामा श्रीराम, हनुमान र बाँदर सेनाको मूर्तिहरु समेत निर्माण गर्ने सोच रहेको डिभिजन वन कार्यालय प्रमुख आचार्यले जानकारी दिए ।

## महिलालाई व्यावसायिक बाख्रापालन तालिम

साझाकुरा संवाददाता

हेटौंडा, ९ असार/थाहा नगरपालिका महिला बालबालिका, जेष्ठ नागरिक तथा अपाङ्ग परिचयपत्र वितरण शाखाको आयोजनामा नगर स्तरीय बिपन्न एकल महिलालाई चार दिने व्यावसायिक बाख्रापालन तालिम सम्पन्न भएको छ ।

थाहाको विकास घरमा ६ असार देखि ९ गतेसम्म भएको तालिममको शनिबार समापन गरिएको छ । सामाजिक बिकास समिति सदस्य जनक बिकको अध्यक्षता तथा वडा न ४ का अध्यक्ष नारायण लामाको प्रमुख आतिथ्यतामा समापन भएको हो । तालिममा सहभागी महिलालाई बीउ बाख्रा समेत वितरण गरिएको थियो।

समापन समारोहमा आफ्नो भनाई राख्दै वडा नं ४ का वडाअध्यक्ष नारायण लामाले एकलमहिलाको जीविकोपार्जन र आयआर्जनमा टेवा पुगोस भन्ने उद्धेश्यले थाहा नगरका २४ जना एकलमहिलालाई एकएक ओटा बाख्रा बितरण गरिएको बताए । थाहा नगरपालिका महिला तथा बालबालिका शाखा प्रमुख प्रतिमा मोक्तानले अति बिपन्न एकल महिलाको आयआर्जनमा सघाउ पुगोस, र उनीहरु क्रमिक रुपमा जीविकोपार्जनका लागि बाख्रापालनमा संलग्न होउन भनेर बाख्रा बितरण गरेको बताउदै राम्रारी पालेर बाख्रा बढाउने आशा व्यक्त गरे।

कार्यक्रममा पशु शाखा प्रमुख राघवेन्द्र मिश्र, रुप्से किटेनी टोल विकास संस्थाका अध्यक्ष गणेश लामा, देउखेल सहरी स्वास्थ्य केन्द्रका नेमराज थिङ, पशु प्राविधिक रुपेशकुमार मिश्रलगायत उपस्थिति रहेको थियो । थाहा नगरपालिकाको वार्षिक स्वीकृत कार्यक्रम अनुरुप भएको कार्यक्रममा चार दिनसम्म व्यावसायिक बाख्रापालन सम्बन्धि तालिम समेत दिइएको थियो ।

## ३१ जनाले गरे रक्तदान




साझाकुरा संवाददाता

हेटौंडा, ९ असार/लायन्स क्लब अफ मकवानपुर हेल्प डेस्कको आयोजनामा टिभिएस सोरुम हेटौंडामा भएको रक्तदान कार्यक्रममा ३१ जनाले रक्तदान गरेका छन् ।

लायन्सको नियमित कार्यक्रम अन्तरगत आयोजना गरिएको रक्तदान कार्यक्रममा ४ महिला र २७ जना पुरुषले रक्तदान गरेको कार्यक्रम संयोजक प्रबेशराज बरुवालले बताए ।

लायन्स क्लब अफ मकवानपुर हेल्प डेस्कका अध्यक्ष बाबुराज ढकालको अध्यक्षता तथा बागमती प्रदेशसभा सदस्य लक्ष्मी श्रेष्ठको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको थियो । कार्यक्रममा इलेक्ट फर्स्ट भाईस डिस्ट्रीक्ट गभर्नर टासी डोल्मा तुम्बाहाम्फे, पास्ट डिस्ट्रीक्ट गभर्नर शम्भु नकर्मीको विशेष आतिथ्यता रहेको थियो ।

साथै नोमिनेट एरिया चिफ जेपी यादव, नोमिनेट एरिया सेक्रेटरी कबिता श्रेष्ठ, रिजन पर्सन आशिका श्रेस्ठ, क्लबका संस्थापक अध्यक्ष तथा नोमिनेट जोन चियर पर्सन प्रबिन मैनाली, नेपाल रेडक्रस सोसाइटी जिल्ला कार्यसमिति सदस्य राजकुमार के.सी. नेपाल समाजबादी पार्टी मकवानपुर इन्चार्ज राजेन्द्र सिम्खडा, नेपाल प्रेस युनियनका निबर्तमान अध्यक्ष कुमार अधिकारी, नेपाल पत्रकार महासंघ मकवानपुरका सदस्य उज्ज्वल अधिकारीलगायत उपस्थिति रहेको थियो ।

क्लबका सचिब हरिहर खतिवडाले संचालन गरेको कार्यक्रममा कार्यक्रम संयोजक बरुवालले स्वागत गरेका थिए । कार्यक्रममा क्लबका कार्यसमिति पदाधिकारी साथै बिभिन्न संघसंस्थाका प्रतिनिधिको उपस्थिति रहेको थियो । रक्तदान कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी मकवानपुरका रक्तसञ्चार केन्द्रका प्राबिधिकले प्राबिधिक सहयोग गरेका थिए ।

## वक्तृत्वकलामा विष्ट प्रथम

साझाकुरा संवाददाता

हेटौंडा, ९ असार/ हेटौंडा उपमहानगरपालिकाको सहयोग तथा ९ नम्बर वडास्तरीय बाल संजालको आयोजनामा 'बालविवाह अन्त्यमा बालबालिकाको भुमिका' विषयक वक्तृत्वकला प्रतियोगिता भएको छ ।

प्रतियोगितामा सुन्दर सपना भविष्य केन्द्र बाल समुहकी अध्यक्ष रिया बिष्ट प्रथम भएकी छन् । कशिस बाल समुहका आयुष सिंह दोस्रो, त्रिवेणी आधारभुत विद्यालयका धावा रुम्बा तेस्रो र र मदन बाल समुहकी समृद्धि गौतमले सान्त्वना पुरस्कार हात पारेका छन् । वडास्तरीय बाल संजालकी अध्यक्ष अभिप्सा पौडेलको सभाध्यक्षता तथा हेटौंडा उपमहानगर पालिका वडा नम्बर ९ का कार्यवाहक वडा अध्यक्ष बिष्णुबहादुर मगरको प्रमुख आतिथ्यता रहेको थियो ।

कार्यक्रममा बालमैत्री वडा सम्पर्क व्यक्ती कमला पौडेल, बालमैत्री वडा सहजकर्ता आशिस खतिवडा र बालमैत्री वडा समिति सदस्य नवराज कोइरालाले निर्णायकको भुमिका निर्वाह गरेका थिए । प्रतियोगितामा वडाभित्रका टोलस्तरीय र विद्यालयस्तरीय बाल समुहको एक-एक जना प्रतियोगीहरुको सहभागिता थियो । प्रतियोगितामा प्रथम, द्वितीय तृतीय र सान्त्वना स्थान हासिल गर्ने प्रतियोगीहरुले क्रमश:



नगद २ हजार, १ हजार ५ सय, १ हजार र ५ सय प्राप्त गरेका थिए ।

कार्यक्रममा बोल्दै प्रमुख अतिथि हेटौंडा-९ का कार्यवाहक वडा अध्यक्ष मगरले ९ नम्बर वडालाइ पहिलो बालमैत्री वडा बनाउन लागि पर्ने प्रतिबद्धता व्यक्त गर्दै सम्पुर्ण लाई आ-आफ्नो स्थानबाट अभियान सफल बनाउन लाग्न अनुरोध गरे । कार्यक्रममा बालमैत्री सम्पर्क व्यक्ति एवं वडा सदस्य कमला पौडेल, बालमैत्री वडा सहजकर्ता आशिस खतिवडा, बालमैत्री वडा समितिका सदस्य नवराज कोइराला, टोल विकास संस्था नगर समन्वय समितिका उपाध्यक्ष सति न्यौपानेको आतिथ्यता रहेको थियो । कार्यक्रम वडा स्तरीय बाल संजालका सचिव संगम लामिछानेले संचालन गरेका थिए भने स्वागत मन्तव्य बाल संजालकी उपाध्यक्ष मानुषी कोइरालाले राखेकी थिइन् ।

**गोदमघर भाडामा चाहियो ?**

मकवानपुर जिल्लामा पर्ने पुर्व-पश्चिम राजमार्ग अन्तर्गत हेटौंडाबाट १७ किलोमिटर पश्चिम नारायणगढ जाने बाटोमा अबस्थित मनहरी गाउँपालिका वडा नम्बर- ९ खरङ्गामा साढे २ बिगाह जग्गामा रहेको व्यवस्थित तथा सुबिधायुक्त ९७०० र ३१०० स्क्वायर फिटको दुईवटा गोदाम घर, बत्ति पानीको सुबिधा सहितको अफिस तथा क्वाटर भाडामा रहेको हुँदा बहुराष्ट्रिय तथा राष्ट्रिय उद्योग प्रतिष्ठान तथा व्यवसायीक प्रयोजनका लागि सम्पर्क राख्नुहुन अनुरोध गर्दछु ।

**सम्पर्क : ९८०२५३०३०३**

**सम्पूर्ण ब्राण्डका गाडी**

**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

☞ कार वास भित्र/बाहिर
☞ वाइरिङ मर्मत
☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# फोहोरको उचित विसर्जन गरौं

मानव जीवनमा गरिने हरेक कार्यबाट फोहोर पदार्थको उत्पादन हुने गर्दछ । शौच आदि क्रियाकलाप गर्दा, व्यवसाय गर्दा, खाना बनाउँदा, घरलगायत सरसफाई गर्दा, मर्मत गर्दा, पुराना सामानहरुको व्यवस्थापन गर्दा, तयारी खाद्य पदार्थ किनेर खाँदा, प्याकिङ गरिएका बस्तुको प्रयोग गर्दा, घर पालुवा पशुपक्षीकाकारण र नित्य कर्म गर्दालगायत मानव जीवनको धेरै कार्यहरु गर्दाको अवस्थामा फोहोर मैलाको उत्पादन हुने गर्दछ । फोहोर उत्पादन हुनबाट रोक्न सकिँदैन तर, त्यसको उचित व्यवस्थापन गर्न सकिएन भने आफूले गरेको क्रियाकलापबाट उत्पादन भएको फोहोरले आफैंलाई हानी पुऱ्याउँदछ ।

फोहोरको कारण विभिन्न किसिमका सरुवा रोगहरु लाग्ने गर्दछ । फोहोरको कारण घरको शोभा बिग्रन्छ । फोहोरको कारण समाजको पहिचान गुम्दछ । फोहोरकै कारण पर्यटन प्रबर्द्धनमा समस्या पर्दछ । फोहोरकै कारण घरका परिवारका सदस्यबीच वैमनष्यता उत्पनन हुन्छन् । फोहोरकै कारण छिमेकीमा कलह उत्पन्न हुन्छन् । फोहोरको कारण समग्र मानव स्वास्थ्य र मानसिक अवस्थामा समेत गम्भीर आघात पुगिरहेको हुन्छ । मानिसको जीवनमा गर्ने हरेक क्रियाक्लापबाट फोहोर निस्कने गर्दछ । तर, त्यसको सही बिसर्जन हुन नसकेमा त्यसले निम्त्याउने समस्याहरु धेरै प्रकारका हुन्छन् ।

फोहोर मैला नगरौं भनेर स्थानीय पालिकाहरुले पटकपटक सूचनाहरु जारी गरिरहेकै हुन्छन् । फोहोर गर्नु हुँदैन भनेर प्राय: सबैलाई थाहा छ । तर, मानिसको अटेरीपनको कारण फोहोर मैलाले घर, समुदाय तथा बजार क्षेत्रहरु ढाकेकै हुन्छन् । टोलटोलमा डस्टबिनहरु राखिएका हुन्छन् तर, डस्टबिनमा फोहोर नफालेर जथाभावी फाल्ने गरेको देखिन्छ । सीमित स्थानमा फोहोर फाल्दा स्वास्थ्यमा राम्रो, सरसफाईमा राम्रो तथा समाजकै इज्जत बढ्ने गर्दछ । तर, मानिसहरुको अटेरी पनको कारण फोहोर फाल्नेलाई जरिवाना पनि घोषणा गरिएको छ । कतिपय मानिसहरु जरिवानामा पनि परेका छन् । तैपनि फोहोरको उचित व्यवस्थापन हुन सकिरहेको छैन । त्यसैले टोल विकास संस्थाहरु, सामाजिक संघसंस्था तथा घरघरमा फोहोर मैला गर्नु हुँदैन भन्ने सचेतना फैल्याउँदै यसको उचित व्यवस्थापनमा लाग्नु अपरिहार्य छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० असार ११ गते सोमबार २६ जुन २०२३ । अष्टमी, आसाढ शुक्लपक्ष । दिल्लाथ्व ११४३ ने.सं. । सूर्योदय ५:११, सूर्यास्त ७:०१ । गोरखकाली पूजा । अष्टमीब्रत । विश्व लागूपदार्थ ओसार-पसार विरुद्धको दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : आरोप प्रत्यारोपको सामना | **तुला** | : सम्पत्ति सम्बन्धी विवाद |
| **वृष** | : ऋण नाश | **वृश्चिक** | : न्यायिक कार्यमा सफलता |
| **मिथुन** | : खर्च वृद्धि | **धनु** | : कार्यगत उतारचढाव |
| **कर्कट** | : आफन्तबाट चिन्ता | **मकर** | : आर्थिक सिद्धि |
| **सिंह** | : इष्ट सिद्धि | **कुम्भ** | : कार्य सिद्धिमा विलम्ब |
| **कन्या** | : मित्रबर्गबाट धोका | **मीन** | : परिवारमा कलह |

# न्याय र अधिकारका लागि अनशन कहिलेसम्म ?



✍ दुर्गा पोखरेल

विगत केही महिनाअघि 'मिटरब्याज पीडित'हरू न्यायको माग गर्दै लामो समय धर्नामा बसे । धर्नाकै क्रममा निषेधित क्षेत्रबाट बाहिर निस्कन लागेको भन्दै प्रहरीले बल प्रयोग गर्दा दुवै पक्षबीच झडप भयो । धर्नामा रहेका व्यक्ति र प्रहरीको तर्फबाट समेत केही घाइते भए । लामो समयको धर्नापश्चात् नेपाल सरकारको तर्फबाट उनीहरूका विषयलाई सम्बोधन गर्ने सहमतिपछि धर्ना बन्द भयो । पीडितहरूले भविष्यमा न्याय पाउने आशा बोकेर घर फर्के । नेपाल सरकार र 'मिटरब्याज पीडित'हरूबीच सहमति भएको यो पहिलो पटक भने होइन ।

कृषक परिचयपत्रको व्यवस्था गर्न, न्यूनतम ब्याजदरमा ऋण उपलब्ध गराउन, मल, बीउ, विषादी, कृषियन्त्रहरूमा पूर्ण रूपमा अनुदान उपलब्ध गराउन लगायत किसानसँग सम्बन्धित मागहरू राखी नुवाकोट ककनीका श्रीराम घिमिरे २०८० वैशाख ५ गतेदेखि आमरण अनशनमा बसे । लामो समयको अनशन, नागरिक समाज, सञ्चारकर्मी, अधिकारकर्मीहरूको निरन्तर खबरदारी पश्चात् वार्ताको माध्यमबाट सहमति भयो र उनले अनशन तोडे ।

'हाम्रो बर्दिया बचाऔं, समुन्नत बर्दिया बनाऔं' भन्ने अभियान अन्तर्गत १५ बुँदे माग राखी बर्दिया क्षेत्र नं. १ का सांसद सञ्जयकुमार गौतम मिति २०८० वैशाख २९ गतेदेखि बर्दियामा आमरण अनशनमा बसे । उनले बबई, राजापुर सिंचाइ परियोजनालाई अगाडि बढाउन, मध्यवर्ती क्षेत्रका नागरिकहरूको जीउधनको सुरक्षा, भूमिहीन तथा सुकुम्बासी समस्याको समाधान, कृषकद्वारा उत्पादित कृषि उपजको बजार व्यवस्थापन लगायत मागहरू राखेका थिए । यी मागहरू आफूले संसदमा समेत उठाउँदै आएको तर समाधानका लागि सरकारबाट पहल हुन नसकेको भन्दै उनी आमरण अनशनमा बसेका थिए । सरकारको तर्फबाट उनका मागहरू सम्बोधन गर्न पहल हुने आश्वासन पाएपछि उनले नवौं दिनमा अनशन तोडे ।

पेशा, व्यवसायको वातावरण नभएको एवम् राज्यका निकायबाट न्याय नपाएको जस्ता विषय सामाजिक सञ्जाल मार्फत सार्वजनिक गर्दै २०७९ माघ ९ गते नयाँबानेश्वरस्थित संसद भवन अगाडि आत्मदाहको प्रयास गरी घाइते भएका इलामका प्रेमप्रसाद आचार्यको उपचारको क्रममा मृत्यु भयो । उनको मृत्युले लोकतन्त्र र मानवअधिकारको परिपालना गरेको मुलुक र 'समृद्ध नेपाल सुखी नेपाली' नारालाई गिज्याइरहेको छ ।

जबरजस्ती करणी मुद्दामा सम्बन्धित निकायबाट न्याय नपाएको भन्दै न्यायको याचना गरी बिनु यादव काठमाडौंको माइतीघरमण्डलमा लामो समय आमरण अनशनमा बसिन् । उखु किसानहरू र सहकारी पीडितहरूको कथा उस्तै छ । नवप्रवर्तन, अनुसन्धान र आविष्कारका पक्षधर एवम् राष्ट्रिय आविष्कार केन्द्रका संस्थापक डा.महावीर पुनले अनुसन्धानको क्षेत्रमा बजेट विनियोजन गर्नुपर्ने लगायत माग राख्दै काठमाडौंको माइतीघरमण्डलमा २०८० वैशाखमा अनशन बसे ।

बिहीबार मात्र माइतीघरमण्डलमा नागरिकताविहीन संघर्ष समितिको धर्नाले सफलता पायो । सर्वोच्च अदालतले नागरिकता विधेयक कार्यान्वयन गर्न भनेसँगै उनीहरूको खुसी चलिरहेकै छ । काठमाडौंको माइतीघरमण्डलमा पछिल्ला केही महिना यता प्रदर्शन र धर्ना नभएको दिन शायदै देख्न सकिन्छ । कहिलेकाहीं त एकभन्दा बढी समूह प्रदर्शनमा रहेका हुन्छन् ।

यी घटनाहरू सञ्चारमाध्यमबाट बाहिर आएकामध्ये केही उदाहरण मात्रै हुन् । उल्लिखित अधिकांश घटना काठमाडौं उपत्यकाभित्रका भएकाले राष्ट्रियस्तरका सञ्चार माध्यमको पहुँचमा रहे र उजागर भयो । यस्ता प्रकारका घटनाहरूमा सम्बन्धित पक्ष र नेपाल सरकारबीच पटक पटक सहमति भएका छन् तर कार्यान्वयन नहुँदा पटक-पटक धर्ना, आमरण अनशन चलिरहन्छ । झडप हुन्छ । धरपकड हुन्छ । अत्यधिक बल प्रयोग हुन्छ । घाइते हुन्छन् । कति पक्राउ पनि पर्छन् । यो नियति चलिरहेकै छ ।

यही सिलसिलामा मन्त्रिपरिषद्ले मिति २०८० जेठ ३० गते त्रिभुवन विश्वविद्यालयका उपप्राध्यापक प्रेम चलाउनेउपर भएको ज्यान मार्ने कसूर सम्बन्धी मुद्दा फिर्ता लिने निर्णय गरेको छ । उक्त मुद्दा काठमाडौं जिल्ला अदालतमा विचाराधीन अवस्थामा रहेको छ । उपप्राध्यापक चलाउने न्यायको माग गर्दै मिति २०८० असार ३ गतेदेखि आमरण अनशनमा बसे र मन्त्रिपरिषद्को निर्णय विरुद्ध उनी सर्वोच्च अदालत पुगे ।

उनको निवेदनमाथि सर्वोच्च अदालतले असार ७ गते सुनुवाइ गर्दै मुद्दा फिर्ता लिने मन्त्रिपरिषद्को निर्णय कार्यान्वयन नगरी यथास्थितिमा राख्नु भनी आदेश दिएको छ । सर्वोच्च अदालतको आदेशले तत्कालका लागि समस्याको समाधान त देखियो, पीडितले अनशन तोडे । तर उनले न्याय प्राप्त गर्न अदालतमा विचाराधीन मुद्दाको अन्तिम सुनुवाइ हुन बाँकी छ । यसैबीच नागरिक समाज, उपप्राध्यापकहरूको समूह समेत न्यायको माग गर्दै प्रदर्शनमा उत्रिएको थियो । २०७५ सालमा नेपाल सरकारले मुद्दा फिर्ता सम्बन्धी ऐन ल्याएको थियो । हालै पनि वर्तमान सरकारले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११६ मा ११६ (क) थप गरी शान्तिपूर्ण राजनीतिको मूलधारमा ल्याउन मुद्दा फिर्ता लिन सकिने व्यवस्था गरेको छ । यसै क्रममा कैलालीको टीकापुर घटनाका मुख्य दोषीको रूपमा अदालतको आदेश बमोजिम कैद सजाय भुक्तान गरिरहेका रेशम चौधरी लगायतका कैदीहरू रिहा भए । गम्भीर प्रकृतिका फौजदारी अपराधका घटनालाई समेत राजनीतिक आवरण दिई मुद्दा फिर्ता लिने कार्य विगतका सरकारबाट पनि भएका हुन् ।

अदालतबाट दोषी किटान भई कैद जीवन व्यतीत गरिरहेकाहरूलाई निश्चित मापदण्डका आधारमा माफी दिने प्रचलन विश्वभरि नै रहेको पाइन्छ । यो प्रावधान नेपालमा पनि लागू हुँदै आएको छ । यसो भन्दैमा सबै आपराधिक घटनाहरूलाई राजनीतिक आवरण दिएर माफी दिने विषय प्राकृतिक न्यायको सिद्धान्त विपरीत हुन जान्छ । एकातर्फ आपराधिक घटनालाई राजनीतिक आवरण दिंदै जाने अर्कोतर्फ कानुनी शासन र लोकतन्त्रको पक्षपाती हुँ भन्ने सरकारमा बसेका उच्चपदस्थ व्यक्तिहरूको अभिव्यक्ति एकआपसमा विरोधाभासपूर्ण रहेको छ ।

यसले सरकारप्रतिको जनविश्वासलाई कमजोर बनाउँदै लैजान्छ । आफू सत्तामा रहँदा कानुनको शासन नचाहिने र प्रतिपक्षमा रहँदा कानुनी शासन, मानवअधिकार, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता, सुशासन सबै चिज चाहिने प्रवृत्ति नेपालका राजनीतिक दलहरूमा रहेको देखिन्छ ।

आरोपित भनिएका व्यक्तिको विभिन्न सामाजिक सञ्जालमा प्रसारित भिडियोले न्यायको पक्षमा रहेका जनमानसलाई थप दु:खित बनाएको छ । भिडियोको माध्यमबाट बाहिर आएको भनाइ यदि वास्तविक हो भने यसमा बोलिएको 'नक्कली पीडित' भन्ने शब्दले वास्तविक पीडितलाई जति पीडा बोध हुन्छ समाजमा रहेका आपराधिक प्रवृत्तिका व्यक्ति वा समूहलाई त्यति नै हौसला प्रदान गर्दछ । यसले हाम्रो राजनीतिक कार्यदिशा कतातर्फ गइरहेको छ भन्ने कुरालाई समेत इंगित गर्दछ ।

विगतको राजनीतिक वृत्तिमा स्वच्छ छवि बनाएका र कानुनी शासनको वकालत गर्ने बहालवाला कानुनमन्त्री धनराज गुरुङकै नेतृत्वमा उक्त मुद्दा फिर्ता लिने निर्णय भएको र उक्त मन्त्रिपरिषद्को बैठकमा असल राजनीतिज्ञका रूपमा परिचित नेपाल सरकारका गृहमन्त्री नारायणकाजी श्रेष्ठको समेत सहभागिता हुनु अनपेक्षित र दु:खलाग्दो छ ।

नेपालको सबैभन्दा ठूलो शैक्षिक संस्था त्रिभुवन विश्वविद्यालयलाई पछिल्लो समय राजनीतिक क्रीडास्थलको रूपमा विकास गरिएकोले शैक्षिक अवस्था धरासायी बन्दै गएको देखिन्छ । उल्लिखित चुनौतीका बाबजूद घटनाका पीडितलाई न्यायको अनुभूति गराउने जिम्मेवारी अदालतको पोल्टामा पुगेको छ । यसमा न्यायाधीशको विवेक र सुझबुझपूर्ण फैसलाको खाँचो देखिन्छ ।

पछिल्लो समय अध्यादेश मार्फत वर्तमान सरकारले नागरिकता ऐन ल्याएको छ । यसको विरोधमा परेको रिटउपर सुनुवाइ गर्दै सर्वोच्च अदालतले तत्काललाई रोक्ने अन्तरिम आदेश दिएपछि नागरिकता प्राप्तिको विषय पनि जटिल बन्दै गएको छ । नागरिकताविहीन संघर्ष समितिद्वारा माइतीघरमण्डलमा धर्ना दिइरहेको अवस्था छ ।

सोही क्रममा नागरिकता प्राप्तिको विषयलाई उठान गर्दै धर्नामा बसेका २५ वर्षीय युवा निरज कामतले मिति २०८० जेठ ३० गते आफ्नै शरीरमा पेट्रोल खन्याई आत्मदाह गर्ने प्रयास गरे । मिति २०८० असार ५ गते धर्नामा रहेका एक व्यक्ति बेहोश भएको एवम् धर्नामा रहेकाहरूले निषेधित क्षेत्र तोड्न खोजेकोले प्रहरीसँग झडप भएको समाचारहरू बाहिरिएका छन् । हरेक विषयमा धर्ना, आमरण अनशन, प्रदर्शन नगरी न्याय र अधिकार प्राप्ति हुँदैन भन्ने मानसिकताको विकास हुँदै गएको देखिन्छ । व्यावहारिक रूपमा हेर्ने हो भने पनि यस्तै देखिएको छ ।

नेपालको संविधानमा सम्मानपूर्वक बाँच्न पाउने हक, स्वतन्त्रता, समानता, सम्पत्ति, रोजगारी, महिला, सामाजिक न्याय लगायत ३२ वटा मौलिक हकहरू संविधानको धारा १६ देखि ४७ सम्म लिपिबद्ध गरिएका छन् । संविधानको धारा १० मा प्रत्येक नेपाली नागरिकलाई नागरिकता प्राप्तिको हकबाट वञ्चित नगरिने उल्लेख छ ।

त्यस्तै, मुलुकी फौजदारी अपराध संहिता, २०७४, विभिन्न विषयगत कानुन रहेका छन् । तीन तहका सरकारहरू, न्यायपालिका, व्यवस्थापिका संसद लगायत संयन्त्रहरू कानुन निर्माण, नागरिकलाई सेवा प्रवाह, न्याय सम्पादन तथा विकास निर्माणका कार्यमा क्रियाशील रहेका छन् ।

यद्यपि समयमा कानुन निर्माण हुन नसक्नु, जिम्मेवार निकायबाट जवाफदेहीपूर्ण ढंगबाट काम गर्न उदासीनता देखाउनु, न्यायपालिका समेत भ्रष्टाचार र राजनीतिक हस्तक्षेपबाट मुक्त हुन नसक्नु, देशमा रोजगारीका अवसरहरू सिर्जना गर्न नसक्नु र सबैभन्दा दु:खलाग्दो राजनीतिमा अपराधीकरण र अपराधमा राजनीतीकरणको अवस्थाले मुलुकमा दण्डहीनता मौलाएको छ ।

राजनीतिक दल र सरकारका कामकारबाहीप्रति जनविश्वास घट्दो क्रममा रहेको देखिन्छ । यसको समाधानका लागि राजनीतिक दलहरू नै बढी जिम्मेवार हुनुपर्दछ । राजनीतिक नेतृत्वमा सुधार आउने हो भने अन्य तहमा देखिएका समस्या पनि स्वत: न्यूनीकरण हुँदै जान्छन् ।

*(साभार: अनलाइनखबर)*

# राजनीतिको मूलको निर्मलीकरण

✍ किशोर नेपाल

देशमा नेपाली कांग्रेस र माओवादी केन्द्रसहितका दलहरूको गठबन्धन सरकार क्रियाशील छ । तर, यी दलहरूको क्रियाशीलता भलाकुसारीसम्म मात्र सीमित देखिन्छ । दलहरू जोसका साथ समस्याहरूको निर्णायक बिन्दुमा पुग्न सकेको देखिँदैन । दलहरूका बीच मेलमिलाप थोरै देखिन्छ, मनोमालिन्य धेरै । चुनाव परिणामको अंकले योभन्दा बलियो विकल्प दिएको छैन । बाध्यता सिर्जना गरेको छ ।

सुरुमा नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा माओवादी केन्द्रका अध्यक्ष प्रचण्डलाई गठबन्धन सरकारको नेतृत्व सुम्पिन अनकनाएका थिए । प्रचण्डलाई अलमल्याउन चाहन्थे उनी । कांग्रेस सभापतिको आशय बुझेका प्रचण्ड नेकपा (एमाले) अध्यक्ष खड्गप्रसाद शर्मा ओलीको निवासमा समर्थन माग्न पुगेका थिए । यो अस्वाभाविक थिएन । प्रचण्डको निष्कर्ष थियो- यो पटक प्रधानमन्त्री नभए अर्को पटकको भरोसा छैन । ओलीले प्रचण्डकै नेतृत्वमा गठबन्धन सरकार निर्माणका लागि अप्ठ्यारा सर्तहरू राखे, उनले स्वीकार गरे । प्रचण्डको नेतृत्वमा सरकार बन्यो । देउवा झुक्यानमा परे ।

तर, बिस्तारै परिस्थिति सच्चिन थाल्यो । छोटो समयमा माओवादी नेतृत्वको सरकारले राष्ट्रिय सहमतिका नाममा कांग्रेसको समर्थन लियो । अहिले प्रचण्ड नेतृत्वको सरकार 'राम्रै' चलिरहेको छ । सरकारले नेपाली नागरिकलाई भुटानी शरणार्थी बनाएर अमेरिका पठाउन गरिएका षड्यन्त्रहरूको पर्दाफास गरेको छ । अनेक अनियमितता उदांगो भएका छन् । राजनीतिक नेताहरूको सक्कली अनुहार प्रकट भएको छ । जानिफकारहरू भन्छन्- पर्दा पूरै खुलेको छैन । भुटानी शरणार्थीका नाममा भएका कुकर्महरूको 'सबै पोल' खुल्न त बाँकी नै छ । सरकारका नेता प्रचण्डले पनि यो सुनेकै होलान् ।

यो सरकारले गर्नुपर्ने र गर्न सक्ने काम धेरै छन् । जस्तो कि, भर्खरै अर्थमन्त्री प्रकाशशरण महतले प्रस्तुत गरेको बजेटमा प्रधानमन्त्री प्रचण्ड, कांग्रेस सभापति देउवा र अर्थमन्त्रीको आफ्नै निर्वाचन क्षेत्रमा ओसार्न प्रस्ताव गरिएको भारीभरकम विकास रकमको मामिला छ । बजेटमा अर्थमन्त्रीले प्रभावशाली नेताहरूको चाकरी बजाउनु पक्षपातपूर्ण काम हो । महतजत्तिको 'सुयोग्य' मान्छेले बजेटमार्फत चाकरीको भाषा बोल्नु गलत हो ।

अहिले कांग्रेसमा झगडा, विवाद र मनमुटावको लहर चलेको छ । सत्ताको झगडा हो यो, भागबन्डाको माग । कांग्रेस राजनीतिको थोरबहुत ज्ञान हुनेका लागि यो नौलो कुरा होइन । भनिन्छ, पार्टी नेतृत्वले युवा शक्तिको आवाज दबाएर राखेको छ । धेरैले त्यो आवाज सुन्न चाहेका छन् । तर, तत्कालका लागि त्यो सम्भव देखिएको छैन । युवा शक्तिको आवाज दबाउने समस्या सबै पार्टीमा छ । अरू पार्टी पारदर्शी छैनन्, त्यसैले झगडा बाहिरिन लामो समय लाग्छ । कांग्रेस यस्ता मामिलामा खुला र उदार देखिने गरेको छ ।

धेरैको नजरमा देउवा सरल स्वभावका देखिन्छन् । तर, उनी चतुर राजनीतिज्ञ हुन् । उनी २०५२ सालमा पहिलो पटक प्रधानमन्त्री भएका थिए । त्यस बेलादेखि अहिलेसम्म परिवर्तनका मामिलामा कांग्रेस यथावत् छ । देउवाले मध्यावधि चुनाव जितेर आएका निर्दलवादी पञ्चहरूको संगठन राष्ट्रिय प्रजातन्त्र पार्टीका सांसदहरूको सहयोग लिएर आफ्नो नेतृत्वमा सरकार गठन गरेका थिए । उनको कार्यकालमा थुप्रै घटना भए । तीमध्ये कतिपय घटना कहालीलाग्दा थिए ।

देउवा प्रधानमन्त्री भएलगत्तै वामपन्थी नेताद्वय डा. बाबुराम भट्टराई र पम्फा भुसालले माओवादीका तर्फबाट उनका हातैमा मागपत्र थमाएर 'जनयुद्धको बिगुल' फुकेका थिए । २०५२ देखि २०५९ सम्म देउवाको समय राजनीतिको जोखिमपूर्ण मोडमा थियो । २०५९ असारमा नेपाली कांग्रेसको मूल घरसँगै रूख चिह्नको हाराहारीमा कलश चिह्नको स्थापना गरेर उनी गिरिजाप्रसाद कोइरालाको नेतृत्वबाट अलग भए । यो घटनालाई कांग्रेसका संस्थापक नेता कृष्णप्रसाद भट्टराईले 'मूर्खतापूर्ण' बताउनुभएको थियो । त्यो घटनाका मूर्खतापूर्ण पक्षहरू धेरै थिए । अहिले त तिनको सम्झना मात्र बाँकी छ । सम्झेर साध्य लाग्ने भए पो सम्झिइरहनु !

अहिलेको सत्य यति मात्रै हो कि, देउवाको स्मृतिबाट कलश चिह्न मेटिइसकेको छ, र पनि उनका विपक्षी भनिने व्यक्तिहरूका मनबाट त्यसको तुस अझै मेटिइसकेको छैन । २०४७ पछि सुरु भएको नेपालको संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्रको राजनीति कांग्रेसका तत्कालीन सभापति गिरिजाप्रसाद कोइराला र उहाँका विशिष्ट चेला हालका सभापति देउवाको चलखेलमै सकियो । पहिलो पटक प्रधानमन्त्री भएका बेला गिरिजाप्रसादले आफ्नो गृहमन्त्रीमा खुमबहादुर खड्कालाई चयन गर्नुभएको थियो । तर, पार्टीका जानिफकार नेताहरूका अनुसार, त्यति बेला सर्वमान्य नेता गणेशमान सिंह र सभापति कृष्णप्रसाद भट्टराईको असहमतिका कारण खड्काको नाम काटिएर देउवाको नाम जोडिएको थियो ।

संसदीय लोकतन्त्र र संवैधानिक राजतन्त्रको पुन:स्थापनापछिको समयमा होस् अथवा संघीय लोकतान्त्रिक गणतन्त्रको आगमनपछि, नेपालका राजनीतिक दलहरूका नेताहरूले न नयाँ समयको पहिचान गर्न सके न त नयाँ परिस्थितिमा देखा परेको राजनीतिक वातावरणको सही मूल्यांकन नै गर्न सके । नेताहरूले संवैधानिक राजतन्त्रसहितको संसदीय लोकतान्त्रिक व्यवस्थाका आन्तरिक तन्तुहरू केलाउने र मिलाउने प्रयास कहिल्यै गरेनन् । अप्ठ्यारो पर्दा दरबारतिर हेर्ने चलन मेटिएको थिएन । २०५२ पछिको समयमा पनि एउटा गतिलो राजनीतिक व्यवस्थामाथि राजा र उनका दलबलको अतिक्रमण रोकिएन । तर, यो कुरालाई कांग्रेस र कम्युनिस्ट दुवै दलका नेतृत्व पंक्तिले गम्भीरतापूर्वक कहिल्यै लिएनन् ।

२००७ को परिवर्तनपछिको समयमा राजा महेन्द्रले आफ्ना भाइभारदार, सन्त-महन्त र विश्वासपात्रहरूलाई निर्दलीय पञ्चायत व्यवस्थाको प्रतिरक्षामा खटाएका थिए । उति बेला प्रजातन्त्रका लागि संघर्ष गरेर देशभित्रै बसेका नेताहरूले राजाको यो प्रतिरक्षात्मक षड्यन्त्रको भेउ पाउन सकेका थिएनन् । संवैधानिक राजतन्त्र र संसदीय लोकतान्त्रिक शासनको माग गर्दै तीन दशक बिताएका कांग्रेस र वामपन्थी दलका नेताहरू २०४६ को उपलब्धिमा आवश्यकताभन्दा बढी नै रमाएका थिए । उनीहरूले भारदारी राजनीतिको लक्ष्य खतरनाक भएको नबुझ्नु उदेकलाग्दो थियो ।

२०४६ को जनआन्दोलनपछि नेताहरूको ध्यान देशमा स्थापित लोकतान्त्रिक शासन व्यवस्थालाई सुदृढ बनाउनेतिर गएन । तीन दशकसम्म निरंकुश राजतन्त्रको बोझले थिचिएका नेपाली जनता संसारले गरेको प्रगतिको दाँजोमा धेरै नै पछाडि परेका थिए । अन्तर्राष्ट्रिय हिसाबले पनि नेपाल गरिबीको प्रतीक र प्रतिमान बनेको थियो । संसारका धनी र समृद्ध राष्ट्रहरूले फ्रान्सको राजधानी पेरिसमा आयोजना गरेको संसारका सर्वाधिक गरिब देशहरूको सम्मेलनका मुख्य वक्ता थिए- राजा वीरेन्द्र । वीरेन्द्रले संसार भरिका दरिद्र जनताको प्रतिनिधित्व गर्दै दिएको भाषणको विशिष्टताको प्रशंसामा नेपालका 'बौद्धिक'हरूले लामा-लामा प्रशस्ति गाएका थिए । मानौं कि संसारका गरिबहरूको प्रतिनिधित्व गर्न पाउनु पनि गौरवकै कुरा थियो !

२०४६ को जनआन्दोलनलाई गतिशील बनाउने कांग्रेस र कम्युनिस्ट नेता-कार्यकर्ता सत्ताको चक्रव्यूहमा नराम्रोसँग फसे । उनीहरू कहिले पञ्चायतका नेता सूर्यबहादुर थापाको पोल्टामा अल्झिए भने कहिले लोकेन्द्रबहादुर चन्दको घाँटीमा अड्किए । जनताका मनबाट भय हटाउने संकल्प बोकेर २०४७ मा पुन:स्थापित भएको संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्रले नेपाली जनताका मनबाट रत्तिभर पनि भय र संशय हटाउन सकेन । २०४७ को परिवर्तनपछि भएको संसदीय निर्वाचनमा कांग्रेसले बहुमत त पायो तर त्यसलाई सुरक्षित राख्न सकेन । आफूलाई विकासपुरुष बनाउने महत्त्वाकांक्षा बोकेका कांग्रेस महामन्त्री गिरिजाप्रसादमा असीमित आँट त थियो तर त्यसलाई कहाँ र कसरी प्रयोग गर्ने भन्ने सुझबुझ थिएन । २०४७ मा संविधान निर्माणपछि संस्थागत भएको भनिएको परिवर्तन चार वर्ष पनि टिकेन । प्रधानमन्त्री कोइरालाले आफ्नै पार्टीको बहुमतले बनेको 'एकमना' सरकारको विघटन गरेर मध्यावधि चुनावको घोषणा गर्नुभयो । यो घोषणाका लागि उहाँलाई तत्कालीन दरबारका आसेपासे तथा चाकरीदारहरूले नै उत्प्रेरित गरेका थिए । मध्यावधि चुनावको घोषणाले कांग्रेसलाई छिन्नभिन्न तुल्यायो । नेपाली प्रजातन्त्रको प्रतीकका रूपमा चिनिँदै आएको कांग्रेसको वटवृक्षका हाँगाबिँगा नराम्रोसँग लछारिए ।

संसद्को प्रमुख प्रतिपक्षी एमाले मध्यावधि चुनावपछि सबभन्दा ठूलो दलका रूपमा देखा पऱ्यो भने कांग्रेस दोस्रो स्थानमा झऱ्यो । स्वच्छ छविका निष्कलंकित नेता मनमोहन अधिकारीको नेतृत्वमा एमालेले अल्पमतको सरकार गठन गऱ्यो । उहाँको उपप्रधानमन्त्रीका रूपमा माधव नेपाल सक्रिय भए । एमालेले 'आफ्नो गाउँ आफैं बनाऔं' कार्यक्रममार्फत जनताका बीच 'रचनात्मक' सन्देश प्रसार गऱ्यो । तर, एमालेले अल्पमतको सरकार टिकाउन सकेन ।

*(साभार: ई-कान्तिपुर)*

# उत्पादन हैन, पूर्वाधार अभावले फर्किन सक्छ लोडसेडिङ



काठमाडौं/नेपालमा अहिले उच्चतम् विद्युत खपत १९ सय मेगावाट हुँदा विद्युत उत्पादनको जडित क्षमता २७ सय मेगावाट छ । सरकारको प्रक्षेपणअनुसार आर्थिक वर्ष २०८२/८३ मा नेपालको उच्चतम् खपत २ हजार ४८२ मेगावाट पुग्दा जडित क्षमता ४ हजार ८४३ मेगावाट पनि पुग्नेछ ।

नेपालमा जसरी विद्युत उत्पादनको दर बढ्दैछ, त्यसको तुलनामा विद्युत आपूर्तिको माध्यम प्रसारणलाइन र वितरणलाइनको क्षमता बढेको छैन । यसले विगतमा उत्पादन नै कम भएर लोडसेडिङ भोगेको नेपाललाई भविष्यमा विद्युत प्रसारण र वितरणको पूर्वाधार अभावले फेरि लाडसेडिङमा धकेल्ने डर पैदा हुन थालेको छ ।

यस्तो त्रास सिर्जना गर्न पछिल्ला केही महिनामा बिजुली आपूर्तिमा देशभर देखिएका समस्या पर्याप्त बनेका छन् । विशेषगरी नेपालको पश्चिमी भेगमा बढेको बिजुली आपूर्तिको समस्याले सीमा नै नाघ्न लागिसक्यो ।

यसअघि झ्याप्प-झ्याप्प बिजुली जानुलाई कमजोर वितरणलाइनको कारण भनेर पन्छिने नेपाल विद्युत प्राधिकरण पछिल्ला दिनमा प्रसारणलाइनमा पनि समस्या रहेको देखाउन थालेको छ ।

गत आइतबार प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले केन्द्रीय कार्यालय रत्नपार्कमा पत्रकार सम्मेलन गर्दै निर्माण भइरहेका प्रसारण लाइन पूर्वाधार आयोजनाहरु सम्पन्न गर्न दिने गरी सबै पक्षले नसघाए अर्को वर्ष बिजुली आपूर्तिमा डिजास्टर (विपत्ति) आउन सक्ने चेतावनी नै दिए । घुमाउरो भाषामा भनिएको त्यो विपत्तिको अर्थ 'लोडसेडिङ' नै थियो ।

प्राधिकरणले यस्तो चेतावनी दिएको पहिलो पटक भने हैन । गत माघ महिनामा लप्सीफेदीमा प्रसारणलाइन र सबस्टेसन नबनाउन दबाव परेपछि प्राधिकरणले योजनाअनुसार काम गर्न नदिए काठमाडौं उपत्यकामा लोडसेडिङ फर्किनसक्ने चेतावनी नै दिएको थियो । प्राधिकरणले ललितपुरमा अघि बढेका प्रसारणलाइन आयोजनाहरुमा अवरोध हुँदा पनि ललितपुर क्षेत्रमा 'फोर्स' लोडसेडिङको चतावनी दिने गरेको छ ।

विगत ७ वर्षमा गरेको नाफाका आधारमा एक खर्ब रुपैयाँ लगानी गरेपनि प्राधिकरणले माग बढेअनुसार पूर्वाधार निर्माण गर्न सकिरहेको छैन । पूर्वाधार सुदृढीकरणका लागि अघि बढेका आयोजनाहरुमा भएका अवरोध फुकाउन प्राधिकरण असफल छ । समस्या फुकाउन प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङसहितको टोली पटक-पटक आयोजनाहरुको समस्या परेकै स्थानसम्म पुग्ने गरेको छ । तर, पछिल्ला वर्षमा त्यसले समेत नतिजा दिन छाडेको छ । बिजुलीको खपतदर बढिरहँदा मागको पूर्तिका लागि प्रसारण र वितरण लाइनहरु समयमै सदृढ ढंगले बनाउन नसकिने डर प्राधिकरणलाई छ । ठाउँ-ठाउँमा भइरहेको अवरोध र विभिन्न पक्षबाट भइरहेको असहयोगले प्राधिकरण अत्तालिएको छ ।

प्रसारण र सबस्टेसन पूर्वाधार बनाउन खोज्दा कतै मुआब्जा विवादले काम रोकिएको छ भने कतै वन र रुख कटानको झमेला भएको विद्युत प्राधिकरण बताउँछ । उत्पादन र आयातको हिसाबले विद्युतको माग धान्न प्राधिकरणलाई ठूलो सकस छैन । वर्षायाममा त देशभित्रै उत्पादित बिजुली भारत निर्यात मात्रै भएको छैन, खेर समेत गइरहेको छ । तर, बढ्दो मागअनुसार विद्युत प्रसारण र वितरण गर्न भने प्राधिकरणलाई पूर्वाधारको अभाव भइसकेको छ ।

२०७३ अघि दैनिक ६ देखि १८ घण्टासम्म हुने लोडसेडिङ बिजुलीकै अभाव मूल कारण थियो, तर अब लोडसेडिङ फर्किए उत्पादन हैन, पूर्वाधारको अभाव कारण बन्नसक्ने अधिकारीहरू बताउँछन् ।

**अवरोध र असहयोगले आतिएको प्राधिकरण**

प्राधिकरणका अनुसार सबैभन्दा बढी विद्युत उत्पादन तामाकोशी क्षेत्रमा छ । त्यहाँबाट आउने विद्युतले नेपालको पश्चिम क्षेत्र र काठमाडौंमा पहुँच नपाए लोडसेडिङ फर्किन सक्ने जोखिम छ ।

तर, बनिरहेका र बन्न लागेका प्रसारण पूर्वाधार परियोजनामा मुआब्जा र रुट विवाद छ । वितरण ट्रान्सफर्मरहरु थपिए पनि प्रसारण लाइन र सबस्टेसनको क्षमता बढाउन नसक्दा झ्याप-झ्याप बिजुली जाने समस्या बढदो दरमा छ ।

प्राधिकरणका अनुसार प्रसारण पूर्वाधारको संकुचनका कारण बिजुलीको माग व्यवस्थापन सकसपूर्ण बन्दै गएको छ । प्राधिकरणले योजनाअनुसार समयमै पूर्वाधारहरु बनाउन नसक्दा धेरै क्षेत्रमा बिजुलीको आपूर्ति विश्वासनीय हुन सकेको छैन । औद्योगिक क्षेत्रहरु बढी प्रभावित छन् ।समस्या परि सक्दा पनि प्राधिकरण आफ्ना अघि बढेका पूर्वाधार आयोजनामा परेको गाँठो फुकाउन अक्षम देखिएको छ । अहिले मकवानपुरको हेटौंडा उपमहानगरपालिका-१५ स्थित सुकौली क्षेत्रका बासिन्दाले १३२ केभी डबल सर्किट प्रसारणलाइनको तार फेर्ने काममा पटक-पटक अवरोध गरिरहेका छन् । करिब ४१ वर्षअघि प्रसारणलाइन निर्माण गर्दा प्रभावित जग्गाहरुको मुआब्जा तथा क्षतिपूर्ति नदिएको, रुट सार्नु पर्नेलगायतका माग राखी स्थानीयले लाइनको तार (कन्डक्टर) फेर्ने कार्यमा अवरोध गर्दै आएका छन् ।

नेपाल विद्युत प्राधिकरणले पूर्व-पश्चिम १३२ केभी डबल सर्किट प्रसारणलाइनको क्षमताबृद्धि गर्न हेटौंडादेखि धनुषाको ढल्केबर सबस्टेसनसम्मको करिब १३६ किलोमिटर खण्डमा पर्ने कम क्षमताको पुरानो तारलाई बदलेर उच्च क्षमताको नयाँ तार राख्न लागेको छ । सो प्रसारणलाइनबाट करिब २ सय मेगावाट विद्युत प्रवाह हुँदै आएकोमा कन्डक्टर बदलेपछि क्षमता वृद्धि भई करिब ४ सय मेगावाट प्रवाह हुनसक्छ । यसबाट स्थानीय क्षेत्रमा विद्युत आपूर्तिमा सुधार हुने, पश्चिम क्षेत्रमा उत्पादित विद्युतलाई पूर्वतर्फ थप प्रवाह गर्न सकिने र देशभित्र खपत गरी बढी भएको विद्युतलाई ढल्केबर सबस्टेसनमार्फत भारततर्फ निर्यात गर्न सकिने प्राधिकरणको दाबी छ ।

त्यहाँको अवरोध हटाउन कार्यकारी निर्देशक घिसिङसहितको टोली स्थानीय क्षेत्रमा पुगेर छलफल गरेको थियो । प्राधिकरणले प्रसारण लाइनको मार्गाधिकारमा पर्ने जग्गाको कित्ताकाट गर्न दिने, बैंकमा धितो राख्न पाउने लगायतका विषयलाई नीतिगत रुपमा सम्बोधन गर्न माथिल्लो तहमा छलफल भइरहेको र स्थानीय रुपका सामाजिक मागलाई सम्बोधन गर्दै जाने विश्वास दिलाएको थियो । तर, निकास निस्किएको छैन ।

बर्दघाट-न्यू बुटवल २२० केभी प्रसारणलाइनमा रुख कटान आदेशका लागि प्राधिकरण वन विभागमा चक्कर काटिरहेको छ । प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले प्रक्रिया पुरा गरेर जाँदा २ दिन लाग्ने काम गर्न नमानेर वनले चरम ढिलाइ गरेको आरोप सार्वजनिक रुपमै लगाएका छन् । हालै विभागले अनुमति दिएपनि यसपछिका प्रक्रियामा वनबाट सहयोग हुन्छ भन्नेमा प्राधिकरण विश्वस्त छैन ।

यो काममा ढिलाइ हुँदा बनिसकेको कालिगण्डकी करिडोरको दाना-न्यू बुटवल खण्ड सञ्चालन गर्न समस्या भएको छ । यसले कालीगण्डकीको कुश्मा-दाना खण्डमा जोडिएका मिस्त्रीखोला लगायतका आयोजनाको बिजुलीले बजार पाउन सकेका छैनन् ।

पूर्वबाट पश्चिमतर्फ बिजुली लैजान सकिने गरी बनिरहेको हेटौंडा-ढल्केबर-इनरुवा ४०० केभी प्रसारणलाइन पनि मुआब्जाको उल्झनमा छ । भारतसँग विद्युत व्यापारका लागि समेत अत्यावश्यक भइसकेको उच्च क्षमताको यो लाइनको विवाद नसुल्झिँदा विद्युतको प्रसारणको मेरुदण्ड आयोजना बन्दाबन्दै रुग्ण हुन पुगेको छ ।

११ वर्षअघि सुरु भएको यो प्रसारणलाइन नबन्दा माथिल्लो तामाकोशी आयोजनाको विद्युत आन्तरिक खपतका लागि ढल्केबर बाट पूर्व र पश्चिम पठाउन समस्या परिरहेको छ । अहिले ढल्केबर पश्चिम १३२ केभी प्रसारणलाइन मात्र भएकाले क्षमताले धान्दैन । १० जिल्ला पार भएर जाने प्रसारण लाइन यो आयोजनामा मकवानपुरको हेटौंडा उपमहानगरपालिका वडाहरु १५, १६ तथा १७ स्थिति हटिया र सर्लाहीको लालबन्दी नगरपालिकाको जियाजोर क्षेत्रमा करिब ६ वर्षदेखि निर्माणमा अवरोध छ ।

हटिया क्षेत्रमा १४ वटा, हेटौंडा उपमहानगरपालिका वडा नं ११ स्थित थाना थानाभन्याङमा २ वटा र जियाजोर क्षेत्रमा ८ वटा टावर निर्माणमा अवरोध छ । थानाभन्याङ स्थित सबस्टेसनमा लाइन छिराउन २ वटा टावर निर्माण गर्नुपर्ने छ । यसबाट ऐलानी जग्गामा बनेका ४६ वटा घर प्रभावित हुने छन् ।

त्यस क्षेत्रका स्थानीय बासिन्दाले प्रसारण लाइनको रुट परिवर्तनको माग गर्दै निर्माणमा अवरोध गर्दा करिब ११ वर्षअघि सुरु भएको रणनीतिक महत्वको प्रसारण लाइन निर्माण सम्पन्न हुन सकिरहेको छैन । स्थानीय अवरोध खुलाई निर्माणका लागि नेपाल विद्युत प्राधिकरणले गरि रहेको निरन्तरको प्रयास पनि सफल हुन सकिरहेको छैन । ३० महिनामा निर्माण सम्पन्न गर्ने २०६९ को माघमा ठेक्का सम्झौता भएको थियो ।

माथिल्लो तामाकोशी सहित पूर्वका नदी करिडोरमा बनेका आयोजनाबाट उत्पादन भएको बिजुलीलाई वीरगञ्ज र पश्चिम नेपालसम्म लैजान यी लाइनहरु महत्वपूर्ण छन् । तर, यी लाइनहरु समयमै निर्माण सम्पन्न गर्न नसक्दा प्राधिकरण सकसमा छ ।

काठमाडौं उपत्यकामै विद्युतको माग करिब उच्चतम् माग करिब साढे ५ सय मेगावाट नाघि सकेको छ । काठमाडौं उपत्यकामै २ हजार मेगावाट बराबर माग धान्न सक्ने गरी भूमिगत वितरणलाइन विस्तार गरिरहेको नेपाल विद्यत प्राधिकरण सबस्टेसनसहित प्रसारण पूर्वाधार बनाउन सकिरहेको छैन ।

मर्स्याङ्दी र त्रिशुली कारिडोरबाट आएको विद्युत काठमाडौं शहरभित्र छिराउन समेत प्रसारण पूर्वाधारको अभाव छ । २२० केभी प्रसारणलाइनबाट मातातीर्थसम्म आएको बिजुली उपत्यकाका भित्री शहरमा रहेका सबस्टेसनहरुमा ल्याउन प्रसारणलाइन नै छैन । लामोसाँघुतिरबाट आउने विद्युत पनि उपत्याकाभित्र ल्याएर उपयोग गर्न समस्या छ ।

उपत्यकाभित्र ट्रान्सफर्मर हरुको क्षमता बढाइएपनि रिङ (बाहिरी वितरण चक्र) बाट सहजै बिजुली ल्याउन नसक्दा शहरमा एउटा सबस्टेसन समस्याग्रस्त बन्दा अर्को ठाउँबाट बिजुली दिन समस्या छ । 'बढ्दो माग अनुसार पूर्वाधार को क्षमता बढाउन काम सुरु गरेको छौं,' प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ भन्छन्, 'काम गर्न लाग्दा जताततै समस्या सिर्जना गराइहाल्ने गर्दा सकस भयो ।'

प्राधिकरणकै अध्ययनका आधारमा काठमाडौंमा करिब डेढ दर्जनभन्दा बढी नयाँ सबस्टेनहरु बनाउनै पर्छ । त्यसलाई ध्यानमा राखेर उपत्यकालाई घेरेर २२० केभी लाइनको 'रिङ' बनाउन थालिंदैछ ।

शहरभित्र पनि १३२ केभीको लाइनहरु निर्माणको चरणमा छन् । यसका लागि कतै जग्गा अधिग्रहण हुँदै छ भने कतिपय ठाउँका लागि योजनाको खाका कोरिंदैछ । तर, उत्पादित विद्युत ल्याउने मार्ग प्रसारणलाइन र सबस्टेन बनाउन भने समस्यै समस्या छ ।

अहिले काठमाडौंमा एक ठाउँमा समस्या देखिंदा अर्को सबस्टेसनबाट लाइन समेत दिन नसकिने अवस्था छ ।

नेपाल सरकार र प्राधिकरणको लगानीका साथै एसियाली विकास बैंक (एडीबी) र जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका)को सहुलियतपूर्ण ऋण सहयोगमा अघि बढेका प्रसारण तथा वितरण प्रणाली सुधार योजनाहरु समेत विभिन्न समस्यामा फसेका छन् ।

पछिल्लो समय लप्सीफेदीमा पनि प्राधिकरणले बनाउन लागेको प्रसारणलाइन र सबस्टेसनको विरुद्धमा स्थानीयहरु आन्दोलनमा छन् । रामेछापको खिम्तीमा रहेको न्यू खिम्ती सबस्टेसनबाट बाह्रबिसे हुँदै लप्सीफेदीसम्मको ४०० केभीको डबल सर्किट तामाकोसी-काठमाडौं प्रसारणलाइन निर्माणाधीन छ । लप्सीफेदीबाट चाँगुनारायण सबस्टेसनसम्मको करिब १० किलोमिटर प्रसारणलाइन निर्माणमा स्थानीयले अवरोध गरिरहेका छन् ।

प्राधिकरणले फुटुङ, टेकु, चोभार, भक्तपुरको थिमि र चाँगुनारायण लगायतका क्षेत्रमा नयाँ सबस्टेसन बनाइरहेको छ । तर, लप्सीफेदीमा सबस्टेन बनाउन भएको अवरोधले चाँगुनारायण क्षेत्रको सबस्टेसन नै काम नआउने जोखिम छ ।

मर्स्याङ्दी र त्रिशूली नदी जलाधार क्षेत्रका जलविद्युत आयोजनाको विद्युत काठमाडौं ल्याएर वितरण गर्न मातातीर्थमा २२० केभीको सबस्टेसन पनि बनिरहेको छ । यो सबस्टेसनसम्म आएको बिजुलीलाई भक्तपुरसहित थानकोट, सतुंगल, गुर्जुधारातर्फ बिजुली लैजान अर्को समस्या छ ।

काठमाडौं उपत्यकाको विद्युत आपूर्तिमा सुधार गर्न २० वर्षअघि निर्माण प्रक्रिया थालिएको थानकोट-चापागाउँ-भक्तपुर १३२ केभी प्रसारणलाइन बनाउन ललितपुरको खोकना, बुङ्मती, हरि सिद्धि र लामाटार क्षेत्रका स्थानीयबासीले मानेका छैनन् । टावर ढाल्नेसम्मको काम भएपछि आयोजना प्रभावित छ ।

त्यसकै कारण प्राधिकरणले विकल्पमा रुपमा चोभारमा १३२/११ केभी सबस्टेसन निर्माण प्रक्रिया अघि बढाएको छ । तर, सरकारले जग्गा उपलब्ध गराएपनि चोभार क्षेत्रमा बासिन्दाले त्यहाँ खेल मैदान बनाउनुपर्ने माग गरेका छन् ।

स्थानीयले अवरोध गरेपछि चापागाउँ र हरिसिद्धिमा सबसस्टेन पनि बन्न सकेका छैनन् । यस्ता कारणले मातातीर्थबाट चापागाउँ हुँदै हरिसिद्धिमा लाइन लगेर ललितपुरमा विद्युत आपूर्ति सहज बनाउने प्राधिकरणको योजना नै बिथोलिएको छ । अहिले लगनखेलमा सबस्टेनले नै ललितपुरको बढ्दो माग जेनतेन धानिरहेको छ ।

ललितपुरको लगनखेल सबस्टेसनलाई सुदृढीकरण गरी १३२ केभी बनाउने र लगनखेलबाट भूमिगत रुपमा चापागाउँ र हरि सिद्धिमा लाइन लैजाने वैकल्पिक योजनामा काम भइरहेको छ । अहिले ललितपुर क्षेत्रमा स्युचाटार-पाटन-बानेश्वर ६६ केभी लाइनबाट विद्युत आपूर्ति भइरहेको छ । यो लाइन अहिले नै 'ओभर लोडेड' छ ।

'थानकोट-चापागाउँ-भक्तपुर लाइन सम्पन्न गर्न सकिएको भए काठमाडौं, ललितपुर र भक्तपुरमा १३२ केभी प्रसारण लाइनको रिङ बन्ने थियो,' घिसिङ भन्छन्,'यसबाट विद्युत आपूर्तिको विश्वसनीयता र भोल्टेजको गुणस्तर सुधार हुन्थ्यो । तर, कामै हुन पाएन ।'

सो लाइन बन्न नसक्ने अवस्था देखिएपछि चोभारमा सबस्टेसन बनाएर चक्रपथ हुँदै १३२ केभी भूमिगत लाइन बनाउँदै ललितपुरको लगनखेल सबस्टेसनमा पुऱ्याउने योजना बनाएको छ । प्राधिकरणले सिरुटार, राजदरबार, महाराजगञ्ज, थापाथली र मूलपानीमा पनि नयाँ सबस्टेसन बनाउँदै छ ।

*(स्रोत: अनलाइनखबर)*

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**

*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*

*tonerhouse_htd@yahoo.com*

# भारतसँग पराजित भएसँगै नेपाल साफ च्याम्पियनसिपबाट बाहिरियो



काठमाडौं/भारतसँग पराजित भएपछि नेपाल साफ च्याम्पियनसिपको समूह चरणबाटै बाहिरिएको छ । भारतसँग हारको श्रृंखलाले लगातार चौथो खेलसम्म निरन्तरता पाउँदा नेपाल १४ औं संस्करणको साफ च्याम्पियनसिपको समूह चरणबाटै बाहिरिएको हो ।

भारतसँग २-० को नतिजामा पराजित भएपछि साविक उपविजेता नेपालले एक खेलअघि नै समूह चरणबाट बाहिरिएको हो । भारतको जितमा ६१ औं मिनेटमा सुनिल क्षेत्री र ७० औं मिनेटमा महेश सिंह नाओरेमले गोल गरे ।

६१ औं मिनेटमा साहल अब्दुल सामदको क्रसमा सुनिलले ट्याप इन गोल गरे । भारतका लागि उनको यो ९१औं अन्तर्राष्ट्रिय गोल हो भने जारी साफमा चौथो गोल हो । ७० औं मिनेटमा सुनिल क्षेत्रीको प्रहार नेपालका गोलकिपर किरणकुमार लिम्बुले पूर्ण रुपमा बचाउन नसक्दा बारमा लागेर बाउन्स भएको थियो । त्यसैमा नेपाली डिफेण्डरले क्लियर गर्न नसकेको बलमा महेश सिंह नओरेमले हेडमार्फत गोल गर्दै भारतको अग्रता दोब्बर पारे ।

त्यसपछि नेपालले खेलमा फर्कने प्रयास गरेपनि सफल हुन सकेन र पराजित भयो । साफ च्याम्पियनसिपको इतिहासमा नेपालले भारतसँग अहिलेसम्म खेलेका ९ मध्ये ८ खेलमा पराजय ब्यहोरेको छ ।

सन् २०१३ मा काठमाडौंमा भएको साफ च्याम्पियनसिपमा मात्र नेपालले भारतलाई हराएको थियो । त्यसयता भएका साफ च्याम्पियनसिप र अन्य प्रतियोगिता गरी कुल ११ खेलमा नेपाल भारतसँग जितविहीन छ ।

शनिबार बेंगलुरुस्थित श्री कान्तिरवा स्टेडियममा नेपालले कुवेतविरुद्ध खेलेको टिममा तीन परिवर्तन गर्दै विमल घर्ती मगर, आयुष घलान र देवेन्द्र तामाङलाई पहिलो रोजाइँमा खेलाउँदा पहिलो हाफमा सन्तोषजनक प्रदर्शन गरेको थियो, तर गोल भने गर्न सकेन ।

मिडफिल्डबाट केही बल निस्किएपनि नेपालको फिनसिङ चुस्त हुन सकेन । विमल र मनिषले गोल गर्ने अवसर गुमाउँदा एरिक विष्टको प्रहार भारतीय गोलकिपर गुरिप्रित सिंह सान्धुले बचाएका थिए । पहिलो खेलमा पाकिस्तान विरुद्ध ह्यायाट्रिक गरेका भारतीय कप्तान सुनिल क्षेत्रीलाई भने नेपाली डिफेण्डर खुलेर खेल्न दिएनन् ।

भारतले भने पाकिस्तान विरुद्ध खेलेको टिमबाट पहिलो रोजाइँमा ८ खेलाडी परिवर्तन गरेको थियो । पहिलो हाफमा सट अन टार्गेट राख्न नसकेको भारतले दोस्रो हाफमा सुधारिएको प्रदर्शन गर्दै दुई गोल गऱ्यो ।

यस नतिजापछि लगातार दुई खेल जितेका भारत र कुवेत अन्तिम खेलअघि नै समूह ए बाट सेमिफाइनल प्रवेश गरेका छन् ।

नेपाल पहिलो खेलमा कुवेतसँग ३-१ ले पराजित भएको थियो भने भारतले पाकिस्तानलाई ४-० ले पराजित गरेको थियो । भारत र कुवेत दुवैको समान ६ अंक छ ।

नेपाल र पाकिस्तान भने समूह चरणबाट बाहिरिएका छन् । अब नेपाल र पाकिस्तानबीच आउने मंगलबार हुने खेल औपचारिकता मात्र हुनेछ । नेपाल सन् २०१५ यता साफ च्याम्पियनसिपमा पहिलो पटक समूह चरणबाटै बाहिरिएको हो । २०१८ मा ढाकामा सेमिफाइनल पुगेको नेपालले २०२१ मा माल्दिभ्समा फाइनल खेलेको थियो ।

साफ च्याम्पियनसिपलाई थप प्रतिस्पर्धात्मक बनाउन पहिलो पटक लेबनान र कुवेतलाई आमन्त्रित टिमको रुपमा साफ खेल्न बोलाएको थियो । तर यसपटकको खेलतालिकामा नेपाल कठिन समूहमा परेको थियो ।

नेपालले अहिलेसम्म हराउन नसकेको कुवेत र दक्षिण एसियाको पावर हाउस भारत रहेको समूहमा परेपछि नै नेपालले यस पटक साफमा स्पष्ट लक्ष्य बनाउन सकेको थिएन भने समूह चरण पार गर्ने अपेक्षा पनि थोरैले मात्र राखेका थिए ।

खेलको १७ औं मिनेटमा नेपालले भारतीय पोष्टमा पहिलो आक्रमण गरेको थियो । लकेन लिम्बुको कर्नर भारतीय डिफेण्डरले हेडमार्फत क्लियर गरेपनि एरिक विष्टले प्रहार गरेको भलि भारतका गोलकिपर गुरप्रित सिह सान्धुले बचाए ।

२५ औं मिनेटमा डी बक्सभित्र मनिषले विमल घर्तीमगरले उपलब्ध गराएको बललाई पोस्टको दिशा दिन सकेनन् । २९ औं मिनेटमा लकेन लिम्बुको लङ रेन्ज प्रहार पोष्टमाथिबाट बाहिरिएको थियो ।

४० औं मिनेटमा मनिषको क्रसमा विमलले बक्सभित्रबाट वान टच फिनिस गर्न सकेनन् । शनिबारको खेलबाट नेपालका डिफेण्डर सीमान्त थापाले डेब्यु गरे । उनली ६८ औं मिनेटमा सनिस श्रेष्ठको स्थानमा मैदान प्रवेश गरेका थिए ।

# बालेन र हर्कको चर्चाबीच बन्ने भयो 'मेयर साहेब'




काठमाडौं/अहिले देशमा दुई ठाउँका मेयर सर्वाधिक चर्चामा छन् । उनीहरु हुन्, काठमाडौं महानगरका मेयर बालेन शाह (बालेन्द्र) र धरान उपमहानगरका मेयर हर्क सम्पाङ । यी दुई मेयरको चर्चाबीच निर्देशक राजु गिरीले फिल्म 'मेयर साहेब' बनाउने भएका छन् । फिल्म कुनै मेयरको जीवनमा आधारित नभए पनि बालेन र हर्कले गरेको कामलाई नै पर्दामा उतार्ने तयारी भैरहेको बुझिएको छ ।

शुक्रबार थिम पोस्टर सार्वजनिक गर्दै फिल्मको घोषणा गरिएको हो । आगामी भदौ महिनाबाट छायांकनमा जान लागेको फिल्मका लागि अहिले कलाकार छनोटको काम भैरहेको निर्देशक गिरीले जानकारी दिए । राजनीतिक विषयवस्तुमाथि निर्माण हुने फिल्मको हाल प्रि-प्रोडक्सन र कथा लेखनको काम तीव्र रुपमा भइरहेको छ । फिल्ममा विनिता गुरुङ र मौषमी महर्जनको लगानी रहनेछ ।

विनिता फिल्मस्को प्रस्तुतिमा रहने फिल्ममा निर्देशक गिरीको कथा, भोजराज देवकोटाको पटकथा तथा संवाद र अर्जुन पोखरेल र सन्तोष श्रेष्ठको संगीत रहनेछ । नारायण खाती 'मेयर साहेब'का सह-निर्मातामा छन् । निर्माता खाती प्रस्तुतकर्ता र निर्देशक गिरीको निर्देशन रहेको फिल्म 'नम्बरी सुन' प्रदर्शनको तयारीमा रहेको छ । यो फिल्म आगामी भदौ १ गतेबाट देशभर प्रदर्शनमा आउँदैछ ।

साझाकुरा


"तपाईं, हामी सबैको कुरा"

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।

प्रकाशनको वर्षदेखि निरन्तर 'क' वर्गमा सूचिकृत

साझाकुरा
राष्ट्रिय दैनिक



वेवसाइटमा संसारभरबाट पढ्न सकिनन्छ ।
www.sajhakuranews.com

# ६ नम्बर वडाको वक्तृत्वकलामा अधिकारी प्रथम



साझाकुरा संवाददाता

हेटौंडा, ९ असार/ वडास्तरीय बालसञ्चाल हेटौंडा-६ को आयोजनामा 'बालविवाह अन्त्यका लागि बालबालिकाको भूमिका' विषयक बक्तृत्वकला प्रतियोगिता सम्पन्न भएको छ ।

प्रतियोगितामा रमा अधिकारी प्रथम, श्रीयान्सी पौडेले द्वितीय, प्रकृति लामिछाने तृतीय र सुवर्ण बर्तौला सान्त्वना भएका छन् । प्रतियोगितामा विजेता हुने बालबालिकाले क्रमश: नगद २ हजार, १ हजार ५ सय, १ हजार र ५ सय रुपैयाँसहित प्रमाणपत्र प्राप्त गरेका छन् । वडास्तरीय बालसञ्जाल हेटौंडा-६ की अध्यक्ष रोजी सुवेदीको अध्यक्षतामा भएको कार्यक्रममा हेटौंडा-६ की वडासदस्य एवं बालमैत्री सम्पर्क व्यक्ति सरिता सापकोटाको प्रमुख आतिथ्यता रहेको थियो । प्रतियोगितामा ६ नम्बर वडाभित्र रहेका १७ वटा बालसमूहबाट एक/एक जना बालबालिकाले सहभागिता जनाएका थिए ।

कार्यक्रममा हेटौंडा-६ का वडासदस्य विजय पौडेल, मुना विश्वकर्मा, लेखराज ढकाल, हेटौंडा-६ का वडा सचिव अमोदप्रसाद मैनाली, टोल विकास संस्था वडा समन्वय समितिका सचिव राजकुमार फुयाँल, वंशगोपाल माध्यमिक विद्यालयका प्रधानाध्यापक रमेशप्रसाद लामिछाने, मुनलाइट इन्टरनेशनल स्कूलका सञ्चालक भरत सापकोटा लगायतको आतिथ्यता रहेको थियो ।

प्रतियोगितामा निर्णायकको रुपमा गणेशकुमार श्रेष्ठ, रुपेश दुलाल र शिवदयाल यादव रहेका थिए । हेटौंडा उपमहानगर पालिकालाई २०८० साल मंसिर मसान्तभित्र बालमैत्री स्थानीय शासनयुक्त नगर घोषणा गर्ने अभियान अन्तरगत १९ वटै वडामा बक्तृत्वकला प्रतियोगिता भएको हो । हेटौंडा उपमहानगरपालिका ६ नम्बर वडालाई पनि २०८० भदौ २९ गते बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गर्ने तयारी भईरहेको बालमैत्री वडा सहजकर्ता रुजा सुवेदीले जानकारी दिइन् । वडालाई बालमैत्री शासनयुक्त घोषणाको लागि टोल अभिमुखीकरण कार्यक्रम वडामा भईरहेको उनले जानकारी दिइन् ।

# ११ विपन्न परिवारलाई बाख्रा



साझाकुरा संवाददाता

हेटौंडा, ९ असार/ हेटौंडा उपमहानगरपालिका-१७ हटिया घर भइ लामो समयदेखि अमेरिका बसोबास गर्दै आएका दिपक भट्ट र केशव भट्ट दाजुभाईले ११ विपन्न परिवारलाई बाख्रा दिएका छन् ।

शनिबार भट्ट परिवारका सदस्यहरुले हेटौंडा-१७ नम्बर वडाका ११ विपन्न परिवारलाई एक/एक वटा उन्नत बाख्राका पाठी वितरण गरेका हुन् । बाख्रा वितरण गर्दै दिपक भट्टले यस कार्यक्रमले स्थानीयको आयआर्जनमा सहयोग गर्ने विश्वास व्यक्त गरे । बुबाआमाकै प्रेरणाले निरन्तर सामाजिक कार्यमा लागिरहने बताउँदै भट्टले परदेशमा दु:ख गरेर कमाएको रकमको केही अंश सामाजिक कार्यमा लगाउन पाउँदा आफूलाई खुसी लागेको सुनाए । भट्ट परिवारका अर्का सदस्य तथा अधिवक्ता हरिप्रसाद भट्टले प्राप्त सहयोगलाई सदुपयोग गर्न आग्रह गरे ।

लामो समयदेखि अमेरिका रहँदै आएका भट्ट परिवारले आफ्ना दिवंगत बुबाआमा यदुनाथ भट्ट र गुणकुमारी भट्टको स्मृतिमा विभिन्न सामाजिक कार्य गर्दै आइरहेका छन् । यसैगरी, शनिवार नै बालबोध माविका पूर्वविद्यार्थीले सेवा निवृत्त शिक्षक शंकरप्रसाद लामिछानेलाई सम्मान गरेको छ । दिपक भट्ट, छविलाल श्रेष्ठसहित बालबोध माविका पूर्व विद्यार्थीहरुले लामिछानेको हेटौंडा-१८ आरामपुर निवासमै पुगेर सम्मान गरेका हुन् ।

# जनज्योति माविमा भित्तेपत्रिका लेखन तालिम



साझाकुरा संवाददाता

हेटौंडा, ९ असार/ हेटौंडा उपमहागरपालिका-१४ मयुर धापमा रहेको जनज्योति माध्यमिक विद्यालयमा भित्तेपत्रिका प्रकाशनका लागि बालबालिकालाई तालिम दिएको छ ।

शुक्रबार विद्यालयका अतिरिक्त क्रियाकलाप संयोजक विशाल अधिकारीको अध्यक्षतामा भएको तालिम उद्घाटन कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रामचन्द्र ढुंगानाको प्रमुख आतिथ्यता रहेको थियो ।

पत्रकार केशव समर्पणले सहभागी विद्यार्थीलाई भित्तेपत्रिका लेखनसम्बन्धी तालिम प्रदान गरेका थिए । तालिममा विद्यालयका कक्षा ६ देखि कक्षा १० सम्मका करिब ३० जना विद्यार्थीको सहभागिता रहेको थियो । विद्यालयका विद्यार्थीको सहक्रियाकलापमा सहयोग गर्ने उद्देश्यले विद्यालयले तालिमको आयोजना गरेको अतिरिक्त क्रियाकलाप संयोजक अधिकारीले बताए ।

तालिम उद्घाटन कार्यक्रममा विद्यालयका प्रधानाध्यापक भोगेन्द्र लुईटेल, सहायक प्रधानाध्यापक हरिप्रसाद पौड्याल, शिक्षक रामहरि कार्की, ईन्द्र अधिकारी, धनलाल विक, रामहरि चौलागाईलगायतको उपस्थिति रहेको थियो । तालिमसँगै विद्यार्थीहरुको भित्तेपत्रिका प्रकाशन समूहसमेत गठन गरी शुक्रबारबाटै भित्तेपत्रिका प्रकाशन सुरु गरिएको छ । विद्यार्थीले आगामी महिनादेखि मासिक रुपमा भित्तेपत्रिका प्रकाशन गर्ने योजना बनाएका छन् ।





**काठमाडौं-हेटौंडा सडकको कन्तबिजोक** : देशको संघीय राजधानी काठमाडौं र बागमती प्रदेशको राजधानी हेटौंडा जोड्ने छोटो मार्ग हिलाम्मे बनेपछि यात्रा कष्टकर बन्न पुगेको छ । निर्माणाधीन सडकमा वर्षातपछि हिलाम्मे भएर चारपाङ्ग्रे टाटासुमोलगायतका साना सवारीहरु समस्यामा परेका छन् । बिहीवार हेटौंडा-फाखेल-चखेल-मातातीर्थ हुँदै कलंकी नजिक सतुङ्गल जोड्ने वैकल्पिक मार्गमा करिब ३ घण्टाको जाम र कठिन यात्रा गर्नुपरेको यात्रुले गुनासो गरेका छन् । प्रदेश सरकार स्थापनाको ६ वर्ष लाग्नैलाग्दासमेत हेटौंडा-काठमाडौं जोड्ने छोटोमार्गको निर्माण र स्तरोन्नती पूर्ण हुन नसक्दा यात्रुहरु हैरानी व्यहोर्न बाध्य भएका हुन् । प्रदेश सरकारले २०७४ पछि हेटौंडा-कुलेखानी-फर्पिङ र हेटौंडा-सिस्नेरी-फर्पिङ जोड्ने छोटोमार्ग स्तरोन्नतीको काम सुरु गरे पनि हालसम्म निर्माण हुन सकेको छैन । विगतमा निर्माण कम्पनीले समयमै काम नगर्दा सडक स्तरोन्नतीको काम अलपत्र छ । हेटौंडा-ठिंगन-सातदोबाटो जोड्ने कान्तिलोकपथको निर्माण अझै सम्पन्न नहुँदा यात्रुहरु दु:ख सहन विवश भएका छन् । सडक राम्रो भएको हेटौंडा-पालुङ-नौबीसे (बाइरोड) मार्ग धेरै लामो भएकोले साना सवारीहरु छोटो मार्ग प्रयोग गरिरहेका छन् । तर, प्रदेश सरकार छोटो मार्गको स्तरोन्नतीमा गम्भिर हुन नसकेको यात्रुहरुको आरोप छ । प्रदेश सरकार हेटौंडामा हुँदै नभएको वडामा बजेट बिनियोजन गरेर बसेको भन्दै चर्को आलोचना भइरहेको छ । *तस्बिर: साझाकुरा*

# चौकीटोलमा टिपरले स्कुटरलाई ठक्कर दियो



साझाकुरा संवाददाता

हेटौंडा, ९ असार/ हेटौंडा उपमहानगपालिका-१, चौकीटोलमा शनिवार साँझ टिपरले स्कुटरलाई ठक्कर दिएको छ ।

चौकीटोलस्थित अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय हेटौंडा अगाडि तीव्र गतिमा आएको टिपरले दुई जना सवार स्कुटरलाई ठक्कर दिएको हो । ठक्कर दिने टिपरसहित चालक फरार रहेका छन् ।

प्रहरीले घटना लगत्तै टिपर र चालकको खोजी गरेको थियो । समाचार तयार पार्दासम्म स्कुटरमा सवार २५ वर्षीय सुनिल कपालीको अवस्था चिन्ताजनक रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ । स्कुटर चालक र गम्भिर घाइते भएका कपालीलाई उपचारका लागि हेटौंडा अस्पताल लगिएको थियो । प्रहरीले ठक्कर दिने टिपरको नम्बर नखुलेको र खोजी गरिरहेको जनाएको छ । घटना बारे थप विवरण आउन बाँकी छ ।

# एकलाख २५ हजारको अवैध कपडा बरामद

साझाकुरा संवाददाता

हेटौंडा, ९ असार/ हेटौंडा उपमहानगरपालिका वडा नम्बर १५, स्थित रातोमाटे प्रहरी चेकपोष्टबाट प्रहरीले अबैध कपडा बरामद गरेको छ ।

बीरगंजबाट नारायणगढ जाँदै गरेको ग २ ख ११६५ नम्बरको यात्रु बाहक बसलाई सुरक्षाजाँच गर्दा १ लाख २५ हजार रुपैयाँ बराबरको कपडा बरामद गरेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

प्रहरीका अनुसार, बसमा लुकाएर ल्याएको जिन्स पाइन्ट-९ वटा, बच्चाको कोट सेट-८ वटा, कलर टिसर्ट-११ वटा, टि-सर्ट-१२ वटा, फुल सर्ट-३० वटा, हाफ सर्ट-१८ वटा, लेडिज टप-५३ वटा, लेगिज-१२ वटा र लेडिज टिसर्ट-८ वटा बरामद गरिएको हो । बरामद कपडालाई नियन्त्रणमा लिई उक्त घटनाको बारेमा आवश्यक अनुसन्धान गरिरहेको प्रहरीले जनाएको छ ।

# कान्तिलोकपथको अवरोध हट्यो

साझाकुरा संवाददाता

हेटौंडा, ९ असार/हेटौंडा र काठमाडौं जोड्ने कान्तिलोकपथ सडकमा शनिवार भएको अवरोध हटेको छ । पछिल्लो समय सवारी चाप बढेको कान्तिलोकपथमा शनिवार बिहान पहिरो जाना सडक अवरुद्ध बनेको थियो ।

कान्तिलोकपथ सडकखण्ड अन्तर्गत ललितपुरको भट्टेडाँडामा वर्षाका कारण पहिरो खसेको थियो । पहिरो शनिवार अपरान्हसम्म पन्छाएर सडक सञ्चालनमा ल्याइएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ । ललितपुरको भट्टेडाँडा नजिकै प्रहरी चौकीको दक्षिणतर्फ मकवानपुरको सिमाना नजिकै पहिरो गएको थियो । मकवानपुरस्थित त्रिभुवन राजपथ, पूर्व-पश्चिम राजमार्ग र भीमफेदी कुलेखानी सडकखण्डअन्तर्गत कुलेखानी, चित्लाङ र थानकोटतर्फको यातायात पनि सञ्चालनमा रहेको मकवानपुरका सहायक प्रमुख जिल्ला अधिकारी नेत्रप्रसाद शर्माले जानकारी दिए ।

**वनदेवी दुग्ध उत्पादक सहकारी संस्था लि.**
हेटौंडा-७, नागस्वती, मकवानपुर
फोन. ०५७-५३०२२७

**कर्मचारी आवश्यकता सम्बन्धमा**

यस संस्थाको संचालक समितिको निर्णय अनुसार निम्न योग्यता भएकाले सूचना प्रकाशित मितिले ७ दिनभित्र हस्तलिखित निवेदन, नागरिकता र शैक्षिक योग्यता प्रमाण पत्रको प्रतिलिपी सहित पेश गर्नहुन अनुरोध गर्दछौं ।

१) पद : ब्यवस्थापक (करार)
२) आवश्यक संख्या : १ जना
३) उमेर : २० बर्षदेखि ४० बर्ष ननाघेको
४) शेयर सदस्य र शेयर सदस्यको परिवारलाई प्राथमिकता दिइने छ ।
५) शिक्षा : +२ पास (वाणिज्य संकाय)
६) सेवा सुबिधाको हकमा संस्थाको नियम अनुसार
७) दुई पाङ्ग्रे सवारी साधनको चालक अनुमति पत्र भएकोलाई प्राथमिकता दिइने छ ।
८) निवेदन दस्तुर रु ५०० लाग्ने छ ।
९) कम्प्युटरमा दक्ष हुनुपर्ने ।

# राक्सिराङको करिब १० करोड बजेट कटौती, बसाई आउनेलाई घर



साझाकुरा संवाददाता

हेटौंडा, ९ असार/ मकवानपुरको राक्सिराङ गाउँपालिकाले आगामी आर्थिक वर्ष २०८०/८१ का लागि ५७ करोड ८८ लाख ९७ हजार १ सय ९७ रुपैयाँको बजेट सार्वजनिक गरेको छ । शनिबार भएको गाउँसभाको १४ औं अधिवेशनमा गाउँपालिका उपाध्यक्ष बनस्तम थिङले आगामी वर्षको आम्दानी र खर्चको अनुमान गाउँसभामा पेश गरेका हुन् ।

चालु वर्षको तुलनामा आगामी वर्षको बजेट करिब १० करोड रुपैयाँ कम हो । चालू वर्षमा ६६ करोड रुपैयाँको बजेट कार्यान्वयन गरिएको गाउँपालिकाले संघीय र प्रदेशबाट प्राप्त हुने अनुदानमा कटौती भएपछि आगामी वर्षको बजेट करिब १० करोडले घटाएको हो । गाउँपालिकाले आगामी आवमा पुँजीगततर्फ २४ करोड ५३ लाख ६५ हजार र चालुतर्फ ३५ करोड ४१ लाख ६० हजार रुपैयाँ छुट्याएको छ । गाउँपालिकाले सामाजिक विकासतर्फ २२ करोड ६७ लाख ७८ हजार रुपैयाँ विनियोजन गरेको छ । शिक्षातर्फ १५ करोड ७२ लाख रुपैयाँ छुट्याइएको छ भने सडक, पुल तथा झोलुङ्गे पुलको लागि ४ करोड ९९ लाख रुपैयाँ विनियोजन गरिएको छ ।

भवन तथा सहरी विकासतर्फ १ करोड ३० लाख विनियोजन गरिएको छ भने खानेपानीतर्फ १ करोड ६० लाख रुपैयाँ खर्च गर्ने लक्ष्य राखिएको छ । स्वास्थ्यतर्फ ४ करोड ७० लाख रुपैयाँ छुट्याएको गाउँपालिकाले कृषितर्फ १ करोड ७२ लाख रुपैयाँ विनियोजन गरेको छ । पूर्वाधार विकासतर्फ ७ करोड ९० लाख रुपैयाँ खर्च गर्ने लक्ष्य राखिएको छ । विपद व्यवस्थापनतर्फ ४० लाख रुपैयाँ विनियोजन गरेको गाउँपालिकाले उद्योग, रोजगारी पवर्द्धन तथा गरिबी निवारणका लागि २५ लाख रुपैयाँ विनियोजन गरेको छ । सञ्चार तथा सूचनातर्फ ३३ लाख रुपैयाँ छुट्याइएको छ ।

महिला बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्ग, दलित र पिछडिएका वर्गको उत्थान र प्रवर्धनात्मक कार्यक्रमको लागि गाउँपालिकाले कुल २८ लाख रुपैयाँ छुट्याएको छ । खर्च बेहोर्ने स्रोतमध्ये आन्तरिक स्रोतबाट ५ करोड ४ लाख ९५ हजार रुपैयाँ आम्दानी हुने अनुमान गरिएको छ । संघीय सरकारबाट जम्मा ४२ करोड ५९ लाख ७० हजार रुपैयाँ प्राप्त हुने अनुमान गरिएको छ भने प्रदेश सरकारबाट ७ करोड ७९ लाख ३२ हजार रुपैयाँ आम्दानी हुने लक्ष्य राखिएको छ । स्थानीय राजस्व संकलनबाट २ करोड ४५ लाख रुपैयाँ आम्दानी हुने लक्ष्य राखिएको छ । गाउँपालिकाका अध्यक्ष राजकुमार मल्लको अध्यक्षतामा गाउँसभाको बैठक भएको हो ।

**बसाईं आउनेलाई घर उपहार**

राक्सिराङ गाउँपालिका भित्र बसाई सरी आउनेले आगामी वर्षबाट घर उपहार पाउने भएका छन् । दूर्गम भेगबाट बसाई सरी सुगम भेगतर्फ जाने प्रवृत्तिलाई निरुत्साहित गर्ने उद्देश्यले अन्यत्रबाट बसाई सरी आउनेलाई घर उपहार दिने योजना गाउँपालिकाले बनाएको हो ।

अन्यत्रबाट गाउँपालिकाभित्र बसाई सरी आउन आकर्षित गर्न 'सुन्दर समाज हाम्रो सार, बसाई सरी आउनेलाई घर उपहार' कार्यक्रम सञ्चालन गरिनेछ । शनिबारको गाउँसभामा गाउँपालिका अध्यक्ष राजकुमार मल्लले प्रस्तुत गरेको नीति तथा कार्यक्रममा उल्लेख छ । घर कस्तो प्रकारको हुने र कति लागतको हुने भन्ने कुरा गाउँपालिकाले बनाउने कार्यविधिमा निर्भर हुनेछ ।

समुदायमा आधारित समूहको दीगो व्यवस्थापनमा एक घर एक धारा कार्यक्रमलाई थप बस्तीहरुमा विस्तार गरिने पनि नीति तथा कार्यक्रममा उल्लेख छ । गाउँपालिकाको बजारोन्मुख बस्तीहरु पलाँसे, चैनपुर, राक्सिराङ, अठारे, चौकीटार र सिलिङ्गेमा व्यवस्थित बस्ती विकास र नक्सापाससहितको पक्की भवन निर्माण गर्न सहरी विकास तथा एकीकृत बस्ती विकास मापदण्ड कार्यान्वयन गरिने नीति पनि गाउँपालिकाले लिएको छ ।

दूर्गम वडाहरुमा विद्युतीकरण, काठेपोल विस्थापन कार्यलाई पनि प्राथमिकता दिइएको छ । सडक गुरुयोजना पुनरावलोकन मार्फत् सडकको राइट अफ वे निर्धारण गर्दै स्थानीय सडक सञ्चालन प्रणालीलाई व्यवस्थित र नियमित गरी विभिन्न रुटमा चल्ने सार्वजनिक सवारी साधनको भाडा निर्धारण गर्न विशेष पहल गरिने पनि नीति तथा कार्यक्रममा उल्लेख छ ।

गाउँपालिका केन्द्रमा स्थापित आधारभूत अस्पताललाई सुविधा सम्पन्न बनाई वडाहरुबाट अस्पतालसम्म निशुल्क बस सेवा सञ्चालन गरिने पनि योजना बनाइएको छ । स्थानीय रोजगार योजना तजुमा गरी बेरोजगार जनशक्तिको पहिचान, सीप विकास बिधि र संस्थागत सुदृढीकरणको लागि काम थाल्ने नीति पनि लिइएको छ ।

# हेटौंडा-३ का विद्यार्थीलाई कापी वितरण

साझाकुरा संवाददाता

हेटौंडा, ९ असार/ हेटौंडा उपमहानगरपालिका वडा नम्बर ३ मा रहेको बालउज्ज्वल माविका आधारभूत तहमा अध्ययन गर्ने विद्यार्थीलाई शैक्षिक सामग्री (कापी) वितरण गरिएको छ ।

शुक्रबार युनिलिभर नेपालको आर्थिक सहयोग र हेटौंडा -३ को सहकार्यमा ५ लाख बराबरको विषयगत कापी वितरण गरिएको हो । वडामा रहेको दुई वटा विद्यालयका ५ सम्म अध्ययनरत करिब ७ सय विद्यार्थीलाई सहयोग गरिने वडाध्यक्ष ढलकबहादुर थापाले जानकारी दिए ।

विद्यालय व्यवस्थापन समितिका सदस्य कुमार बलको सभाध्यक्षमा भएको कार्यक्रममा वडाध्यक्ष ढकालको प्रमुख आतिथ्यता रहेको थियो । अभिभावकको रोबरमा विद्यार्थीलाई उक्त सामग्री वितरण गरिएको हो । कार्यक्रममा सम्पूर्ण बालबालिकाको अभिभावक सहितको रोबरमा विषयगत कापी बितरण गरिएको थियो । विद्यालयमा अघिल्लो वर्षदेखि अंग्रेजी माध्यममा कक्षा सञ्चालन भइरहेको छ ।

बागमती प्रदेश सरकार
श्रम, रोजगार तथा यातायात मन्त्रालय
**यातायात व्यवस्था कार्यालय, हेटौंडा**
मकवानपुर, नेपाल

**यातायात व्यवस्था कार्यालय, हेटौंडाको सूचना**

- यातायात व्यवस्था कार्यालय, हेटौंडाको सूचनाभाडामा चल्ने सवारी साधनको प्रत्येक ६-६ महिनामा सवारीको भौतिक अवस्था परिक्षण गरी यातायात व्यवस्था कार्यालयबाट जाँचपास प्रमाण-पत्र लिने गरौं ।
- सवारी चालक अनुमतिपत्र नविकरण गर्दा यस प्रदेशवाट जारी भएको हुनुपर्नेछ वा यस प्रदेश भित्र स्थायी बसोबास गरेको प्रमाण खुल्ने कागज पेश गर्नुपर्नेछ ।
- अन्यत्र कार्यालयबाट जारी भएको सवारी चालक अनुमतिपत्र नविकरण गर्नको लागि सो को अभिलेख Online मा देखिएको हुनुपर्नेछ ।
- सवारी चालक अनुमतिपत्र तथा सवारी दर्ता प्रमाणपत्रको प्रतिलिपि सो जारी भएको कार्यालयबाट मात्र प्राप्त गर्न सकिन्छ ।
- भाडामा चल्ने सावरी साधनहरुले बाटो ईजाजत पत्र अनिवार्य रुपमा यातायात व्यवस्था कार्यालयहरुवाट लिने र समयमै नविकरण गर्ने गरौं । समयमा कर तिरौं, जरिवानाबाट बचौं ।




साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना